# अध्याय एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बसाइँसराइ मानव जीवनको आरम्भदेखि भएको पाइन्छ । आहराको खोजी, बासकोलागि र जनावरबाट बच्नका लागि बसाइँसराइ गर्न मानव विवश थिए । त्यसैले मानव इतिहास बसाइँसराइको इतिहाससँग सम्बन्धित छ । एक ठाउँबाट अर्को ठाउँमा हुने मानिसहरुको भौगोलिक आवतजावत बसाइँसराइ हो । जनसख्या घटबढ हुनुमा कृत्रिम कारकका रुपमा बसाइँसराइलाई लिइन्छ । नेपालमा हरेक बर्ष आन्तरिक बसाइँसराइ तथा वाह्य बसाइँसराइ बढदो छ । त्यसैले आन्तरिक बसाइँसराइको असर नेपालमा बढदै गएको छ । कुनै स्थान विशेषको जनसङख्या घटबढ हुने भएता पनि देशको कुल जनसङख्यालाई कुनै असर गर्दैन । नेपालमा आन्तरिक बसाइँसराइले गर्दा हिमाल र पहाडको जनसङख्या घटन गई सहर र तराईको जनसङख्या बढन गएको छ । त्यसैगरी बाह्य बसाइँसराइबाट पनि नेपालको जनसङख्या घटबढ भइरहेको छ । बसाइँसराइ मानव सभ्यताको प्रारम्भसँगै सुरुभएको पाइन्छ । मानव इतिहासको सुरुमा बसाइँसराइ खानाको खोजी गर्न र सुरक्षाको लागि नयाँ ठाउँमा जाने प्रचलनबाट भएको थियो । बसाइँसराइ एक सामाजिक प्रक्रिया नै मानिन्छ र विभिन्न सामाजिक प्रक्रियाहरु झै यसले समाजको संरचना, सम्बन्ध र सामाजिकीकरण प्रक्रियाहरुलाई प्रभाव पार्ने तथा प्रमाणित हुने भएकाले समाजशास्त्रीय अनुसन्धानको लागि महत्वपूर्ण विषय मानिन्छ ।

अहिले विभिन्न उद्धेश्यले बसाइँसराइ सबैको लागि सामान्य हुदै गएपछि विश्वको एक ठाउँबाट अर्को ठाउँमा सहजरुपमै जानेको संङ्ख्या ठूलो मात्रामा रहेको पाइन्छ । यसले समाज र ब्यक्तिमा ठूलो प्रभाव पारेको पाइन्छ । बसाइँसराइ सामाजिक तथा साँस्कृतिक पक्षको महत्वपूर्ण तत्व हो । मानिसहरु आफनो जन्मेको ठाउँदेखि विभिन्न अवसरको लागि अन्य ठाउँमा बसाइँसराइ गर्दछन । कामदारहरुको बसाइँसराइ एक आवश्यकतत्व जस्तै बनेको छ । एकातिर छिमेकी मलुकहरुबाट नेपालमा बसाइँसरी गरी आएका मानिसहरुले संङख्या बढाइरहेका छन । अर्कोतिर नेपालबाट बिदेशमा बसाइँसरी गएका मानिसहरुले देशको जनसङख्या घटाइरहेको पाइन्छ । हाल नेपालमा बिदेश तर्फ जाने भन्दा छिमेकी

देशहरुबाट क्रमिक रुपले बसाइँसरी आउनेहरु धेरै छन उनीहरु मध्ये धेरै जसो काम तथा रोजगारीको खोजीमा आउँछन र पछि बिस्तारै यहि बस्ने गर्दछन । छिमेकी देशहरुबाट आउने शरणर्थीहरुले पनि जनसङ्ख्या बढाइरहेका हुन्छन् बाह्य तथा आन्तरिक बसाइँसराइ दुबैलाई आकर्षण र विकर्षण तत्वले प्रभाव पर्दछ । रोजगारी पाइने कृषि योग्य भूमि पाइने दैनिक आवस्यकताको बस्तुहरु सहजै उपलब्ध हुने र शिक्षा तथा स्वास्थ्य सेवा सुलभ भएका ठाउँहरुमा मानिसहरु बसाइँसरी जान आकर्षित हुन्छन । यसका अतिरिक्त नातागोता र आफन्त बसोबास गरेको कारणले पनि बसाइँसरेको पाइन्छ । कुनै पनि ठाउँ बिशेषको जनसङ्ख्या घटबढ गराउनको लागि बसाइँसराइको भूमिका रहन्छ । बसाइँसराइको कारण र जनसङ्ख्यामा परिवर्तन ल्याउने कारक तत्वहरु मध्ये सामाजिक तत्व आर्थिक तत्व तथा वातावरणीय पक्षहरु पर्दछन । यसमा सामाजिक तत्व अर्न्तगत शिक्षा, स्वास्थ्य, विवाह, यातायात मनोरन्जन पर्दछन । आर्थिक तत्व अर्न्तगत रोजगारी औद्योगिकीकरण त्यस्तै वातावरणीय पक्ष अर्न्तगत हावापानी प्राकृतिक प्रकोप पर्दछन् ।

यसैगरी कुनै निश्चित समय अवधिमा एउटा भौगोलिक, राजनीतिक, साँस्कृतिक र सामाजिक पविशबाट अर्को भौगोलिक, राजनीतिक, साँस्कृतिक र सामाजिक परिवेशमा वास स्थान परिवर्तन गरेर हुने मानिसहरुको आगमन हो । बसाइँसराइ  जनसंख्या परिवर्तन गर्ने जन्मदर र मृत्युदर पछि तेस्रो कारक हो । बसाइँसराइ जन्मदर र मृत्युदर जस्ता जैविक घटना होइन । तर सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक कारकहरूद्वारा प्रभावित हुन्छ । यही मान्यतालाई ध्यानमा राखेर यो शोधपत्रमा बाग्लङ्को ढोरपाटन समुदायमा बसाइँसराइको सामाजिक, आर्थिक प्रभाव अध्ययन गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

अन्तराष्ट्रिय बसाइँसराइमा विश्वमा करोडौ मानिसहरुको विशेष गरी विकासोन्मुख देशबाट विकसित देश तर्फ विभिन्न रोजगारको खोजीमा आत्मानिर्भरकोलागि बसाइँसराइ  गरेको पाइन्छ । विश्वव्यापिकरण र क्षेत्रिय आर्थिक एकताले बसाइँसराइको गतिमा तिब्र वृद्धि भएको पाइन्छ (आइ.एल.ओ., २००३) ।  विभिन्न कामको खोजीमा एक ठाउँबाट अर्को ठाउँ बसाइँसराइ गर्नुमा गरिव परिवार मुख्य रहेको पाइन्छ । यति मात्र बसाइँसराइको बिशेषता होइन गरिव र धनि बिचको अन्तर सामाजिक मुल्यमान्यता लगायतका बिबिध पक्षले बसाइँसराइमा प्रभाव  पारेको हुन्छ ।  नेपालमा बसाइँसराइ प्राचिन समयदेखि भएता पनि

राष्ट्रिय जनगणना १९६८ बाट व्यवस्थित रुपमा यसलाई अभिलेखन गरिएको पाइन्छ । नेपालको सन्दर्भमा धेरै जसो बसाइँसराइ  कामसँग सम्बधित रहेको छ । दक्षता अदक्षता र अर्धदक्षता गरी विभिन्न किसिमको कामदारहरु विकसितदेशहरु तर्फ बसाइँसराइ गर्दछन । देशमा बेरोजगारको कारण हजारौ युबाहरुले दिनहुँ देश छोडेको पाइन्छ । बसाइँसराइ निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । राजनीतिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक कारणले बसाईसराईमा प्रभाव परेको देखिन्छ । विशेष गरी बढ्दो शहरिकरण, सेवासुविधाको उपलब्धता, कामको खोजी, द्वन्द, विभिन्न प्रकोपहरू, पारिवारिक सम्बन्ध तथा जीविकोपार्जनको कारणले पनि मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गरेको पाइन्छ । सामाजिक सम्बन्ध, आर्थिक गतिविधि,धार्मिक तथा साँस्कृतिक परिवेशले जीवन शैलीमा प्रभाव परेको पाइन्छ ।

नेपालमा सन् १९६८ को जनगणना अनुसार आन्तरिक बसाइँसराइको पहिलो दस्तावेज मानिन्छ। त्यसपछि सम्पन्न सबै राष्ट्रिय जनगणनामा यस्ता विवरण लिएको पाइन्छ। राष्ट्रिय स्तरमा सञ्चालन गरिएका नेपाल जीवनस्तर सर्वेक्षण (सन् १९९५/९६ पहिलोदेखि २०१०/११ तेस्रोसम्म), नेपाल श्रमशक्ति सर्वेक्षण (१९९८ पहिलोदेखि २०१७/१८ तेस्रोसम्म) मा पनि बसाइँ-सराइको विवरण संकलन र प्रकाशन हुँदै आएको पाइन्छ। बसाइँ-सराइको मात्र छुट्टै सर्वेक्षण केन्द्रीय तथ्यांक विभागले आ.व. २०७४/७५ मा सञ्चालन गरेको भए पनि नतिजा भने प्रकाशन भएको छैन।

राष्ट्रिय जनगणनासँग नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षणको बसाइँ-सराइको एकाइ पनि मेल खाने देखिँदैन। राष्ट्रिय जनगणनामा जिल्लाको सिमाना पार गरेको अवस्थामा मात्र बसाइँ-सराइ भएको मानिएको छ। तर जीवनस्तर सर्वेक्षण र श्रमशक्ति सर्वेक्षणमा तत्कालीन स्थानीय तहको सिमाना पार गरेको अवस्थालाई पनि बसाइँसराइ मानिएको छ।

नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो नै मुलुकले संघीय शासनको अभ्यास गरेपश्चात् बसाइँ-सराइ सम्बन्धी पछिल्लो तथ्यांक उपलब्ध गराउने आधिकारिक स्रोत हो। यो सर्वेक्षण २०७४ जेठदेखि २०७५ असारसम्म सञ्चालन भएको थियो। यस सर्वेक्षणका अनुसार बसोबास

परिवर्तन भई स्थानीय तहभन्दा बाहिर गएकालाई बसाइँ-सराइ गरेको मानिएको छ। सर्वेक्षणमा अपनाइएको परिभाषा अनुसार 'सामान्यतया बसोबास भन्नाले ६ महिनादेखि बसोबास गरिरहेको स्थानलाई लिइएको छ। तर ६ महिनादेखि बसोबास गरिरहेको नभए पनि अब आउने कम्तीमा ६ महिना बस्ने सम्भावना भएको स्थान समेतलाई बसोबासको स्थान मानिएको छ।


नेपाल श्रमशक्ति सर्वेक्षणबाट दुई प्रकारका बसाइँसराइका विवरणहरू उपलब्ध हुन्छन । पहिलो प्रकारको बसाइँसराइ जन्मस्थानका आधारमा हुने बसाइँ-सराइ हो भने दोस्रो हाल बसोबास गरिरहेको स्थानभन्दा पहिले बसोबास गरेको स्थानबाट भएको बसाइँसराइ हो। जन्मस्थानका आधारमा हुने बसाइँसराइ भनेको जन्मेको स्थान र हाल बसोबास गरिरहेको स्थानमा हुने भिन्नताको अवस्था हो। यसलाई 'लाइफ टाइम माइग्रेसन' भनिन्छ। त्यसैगरी हाल बसोबास गरिरहेको स्थानभन्दा बाहिर कम्तीमा ६ महिना बसेर आएको अवस्थालाई आवधिक बसाइँ-सराइ/'पेरियोडिक माइग्रेसन' भनिन्छ।

बसाइँ-सराइले मानिसको जीवनका विविध पक्षमा गहिरो प्रभाव पारेको हुन्छ। मानिसका बानी-व्यवहार, आहार-विहार, भाषा, संस्कृति, सोचाइ, पेशाजस्ता वैयत्तिक पक्षमा बसाइँसराइले परिवर्तन ल्याउँछ। राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, वातावरणीय पक्षमा पनि बसाइँसराइको महत्वपूर्ण प्रभाव परेको हुन्छ।

बसाइँसराइको तथ्यांक उपलब्ध गराउने नेपाल श्रमशक्ति सर्वेक्षण २०६६/०६७ अनुसार अन्तरप्रदेश बसाइँ-सराइको अवस्था तालिका १ र तालिका २ मा प्रस्तुत गरिएको छ। जस अनुसार तालिका १ मा प्रदेश अनुसार 'लाइफ टाइम माइग्रेसन'को अवस्था देखाइएको छ भने तालिका २ मा प्रदेश अनुसार आवधिक बसाइँसराइको आँकडा प्रस्तुत गरिएको छ। नेपालभित्र बसोबास गर्ने जनसंख्यामध्ये ८९.५१ प्रतिशतको जन्म आफू बसिरहेको प्रदेशमा नै रहेको देखिन्छ भने १०.४९ प्रतिशतको जन्म आफू बसेको प्रदेशभन्दा अन्यत्र भएको देखिन्छ। आफू बसिरहेको प्रदेशभित्र जन्मस्थान भएको जनसंख्या कर्णाली प्रदेशमा सबैभन्दा धेरै अर्थात करिब ९६.९४ प्रतिशत र वाग्मतीमा सबैभन्दा थोरै अर्थात् करिब ७८.२८ प्रतिशत रहेको देखिन्छ। जन्मस्थान विदेश भएको र हाल नेपालमा बसोबास गरिरहेको

जनसंख्या जम्मा जनसंख्याको २.९२ प्रतिशत रहेको देखिन्छ। यस्तो जनसंख्या प्रदेश २ मा सबैभन्दा धेरै अर्थात सो प्रदेशको जम्मा जनसंख्याको ५.०७ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा थोरै अर्थात सो प्रदेशको जम्मा जनसंख्याको ०.५७ प्रतिशत रहेको देखिन्छ।

बाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका वडा नं १ बुर्तिबाङ फाँट बजार टोलमा स्थायीरुपमा बसाइँसराइ गरी आएको ६२ घरधुरिको प्राथमिक तथ्याङ्कमा अधारित भएर गुणात्मक विधि तथा अन्तरबार्ताको माध्यमबाट बसाइँसराइको कारण र प्रभावलाई अध्ययन गरिएको छ । भौगोलिक विकटता, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन तथा पारिवारिक सम्बन्धको जातजाति धर्म तथा बालबालिका पढाउने जस्ता विविध कारणले ढोपाटन नगरपालिका वडा नं.१, बुर्तिबाङ फाँट बजारमा बसाइँसराइले सामाजिक, आर्थिक तथा साँस्कृतिक प्रभाव पारेको पाइन्छ । ढोरपाटन नगरपालिका वडा नं.१ बुर्तिबाङमा २०७८ को केन्द्रिय तत्थ्याङ्क विभाग अनुसार ३३३९ जनसङ्ख्या रहेको पाइन्छ । ब्राहमण, क्षेत्री, मगर, गुरुङ, कामी र दमाई जातजातिको बसोबास रहेको छ ।




**चित्र नं. १ बसाइँसराइसँगको पारस्परिक सम्बन्ध**

मानव सभ्यताको सुरुवात सँगसगै बसाइँसराइ एउटा निरन्तर चलिरहने प्रक्रिया हो । मनिसहरु लामो समयदेखि बसिरहेको ठाउँबाट अर्को ठाँउमा बसाइँसराइ गर्दा नयाँ सामाजिक तथा साँस्कृतिक अनुभुति गर्नुका साथै विभिन्न चुनौति पनि सामना गर्दछन यसले उनिहरुको जीवनमा कस्तो प्रभाव पारेको छ ? ढोरपाटन नगरपालिका वडा नं. १ बुर्तिबाङ फाँट बजारमा के कति मानिसहरु आए, कुन जातजातिका मानिसहरुमा बसाइँसराइ बढी भयो, बसाइँसराइको कारण र प्रभाव के होला, बसाइँ सरी आउने परिवारमा महिला र पुरुष मध्ये कसको संख्या बढी होला, कुन ठाउँबाट बसाइँसराइ गरी आउँदा परिवारको मुख्य पेशा के थियो र हाल परिवारको मुख्य पेशा के छ, बसाइँसराइको

लागि बुर्तिबाङ नै किन छनोट गरे, बालबालिका तथा जेष्ठ नागरिकलाई कस्तो प्रभाव परेको छ ? छिमेकीसँगको सम्बन्ध, खानेपानी, शिक्षा, स्वास्थ्य, यातायात, धार्मिक सहभागिता लगायतको विषयमा कस्तो असर परेको छ, भन्ने कुराको आंकलन गर्न आवश्यक देखिन्छ । त्यसैगरी जनसंख्याको असमानुपातिक विवरण, एकातर्फ ससाना वजार क्षेत्रमा सहरीकरण र बजारको क्षेत्र बढ्दै जादा सामाजिक संरचना पेशा रहन सहन तथा जीवनशैलीमा कस्तो परिवर्तन भइरहेका छन । साथै गन्तव्य स्थानमा जनसंख्याको अत्याधिक चापले गर्दा भौतिक पूर्वाधारमा कस्तो असर रहेको छ । बसाइँसराइको कारण सामाजिक तथा आर्थिक प्रभावबारे अध्ययन गर्न खोजीएको हो ।

कुनै पनि स्थानको जनसांख्यिक आकार-प्रकार, स्वरूप र प्रकृति प्रभाव पार्ने महत्त्वपूर्ण घटनामध्ये बसाइँ-सराइ एउटा प्रमुख घटना हो। बसाइँ-सराइले गतिशील जनसंख्या र यसबाट सिर्जित हुने जनसांख्यिक मिश्रण तथा तत्पश्चायतको जनसांख्यिक रूप र प्रकारमा निकै प्रभाव पार्छ। यो क्रिया मानव जीवन सुरु भएदेखि चलिरहेको छ। यद्यपि सर्वमान्य रूपमा यसको परिभाषा गरिएको छैन। संयुक्त राष्ट्र संघको बसाइँ-सराइका लागि अन्तर्राष्ट्रिय सँगठन (आईओएम) ले आप्रवासी भन्नाले आफू अक्सर बसोबास गरेको स्थानबाट देशभित्रै वा विदेशको कुनै भूभागमा स्थायी वा अस्थायी रूपले विभिन्न कारणले सर्ने व्यक्तिलाई बुझाउँछ भनी परिभाषित गरेको छ। यही परिभाषाका आधारमा बासस्थान सर्ने प्रक्रियालाई बसाइँ-सराइ भन्न सकिन्छ । नेपालमा पनि बसाइँ-सराइ प्राचीन युगदेखि नै हुँदै आइरहेको छ। निरन्तर प्रक्रिया भए पनि पछिल्लो समय वैदेशिक रोजगारीले गर्दा अन्तर्राष्ट्रिय बसाइँ-सराइको आकार निकै बढिरहेको छ । साथै बढ्दो सहरीकरण, सेवासुविधाको उपलब्धता, अर्थतन्त्रको क्रमिक संरचनात्मक परिवर्तन, सुरक्षा लगायत विविध कारणले आन्तरिक बसाइँ-सराइको आयतन निकै बढ्दै गएको छ। यसै सन्दर्भमा नेपालको आन्तरिक बसाइँ-सराइ अन्तर्गत अन्तर-प्रदेश बसाइँ-सराइको अवस्था तथा दिशा के कसरी प्रवाह भइरहेको छ भनी यस शोध मार्फत तथ्यांकीय विश्लेषण गरिएको छ।

- बसाइँसराइ गर्नुको मुख्य कारणहरु के के थियो ?
- बसाइँसराइले सामाजिक, आर्थिक पक्षमा कस्तो प्रभाव पारेको छ ?

यसै अवस्थालाई मध्येनजर गर्दै ढोरपाटन नगरपालिका बुर्तिबाङको फाँट बजारमा बसाइँसराइको कारणले पारेका सामाजिक आर्थिक प्रभाव शीर्षकमा आधारित भएर प्रस्तुत शोध तयार गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्न अनुसार रहेको छ :

- अध्ययन क्षेत्रमा बसाइँसराइ गरी आउनुको कारण खोजी गर्ने ।
- बसाइँसराइले सामाजिक, आर्थिक प्रभावको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाल एक विविधतामा एकता भएको मुलुक हो । जहाँ बहुजातिय बहुभाषिक बहुसाँस्कृतिक राज्य भएको हुनाले यी विभिन्न जातजाति भाषाभाषी धर्म, संस्कृति भएका जातजातिहरुलाई एउटै सूत्र धारमा समाहित गर्नु आजको आवश्यकता रहेको छ । यस अध्ययनमा बसाइँसराइले हाम्रो समाजमा पारेको सामाजिक साँस्कृतिक आर्थिक प्रभावको बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छ । यस क्षेत्रसँग सम्बन्धीत विभिन्न तथ्यहरु बसाइँसराइमा जानुपर्ने कारणहरु नेपाल र छिमेकी मुलुकहरुमा बसाइँसराइको स्थिति यससँग सम्बन्धीत राम्रा नराम्रा पक्षहरु विश्लेषण गरिएको छ । यसको समस्या समाधानका उपायहरु बारेमा सुझाव तथा सूचनाहरु सङ्कलन गर्न नीति निर्माणकर्तालाई नीति निर्माण गर्न सजिलो हुनेछ । यस खोज अध्ययनबाट प्राप्त हुने जानकारीहरुले वर्तमान अवस्थाको ज्ञान हुनाका साथै विगतका अवस्थाका बारेमा समेत थाहा हुनेछ । यस क्षेत्र र सम्बन्धीत पक्षको बारेमा भइरहेको परिवर्तन र यस परिवर्तनको दिशा स्वभाव जनता र सरकारबीच अर्न्तक्रिया परिणामको विषयमा सहयोगी हुनेछ । खोज अध्ययनमा बसाइँसराइको सामाजिक साँस्कृतिक, आर्थिक परिवर्तन र यसबाट समाजमा पारिरहेको प्रभावका बारेमा समेत उल्लेख गरेकाले यस अध्ययन क्षेत्रको प्रतिनिधित्व नगरी समग्र विभिन्न समाजशास्त्री/मानवशास्त्री एवं सरोकारवाला पक्षहरुले समाजमा पारेको असरबारे थप अध्ययन गर्न सहयोग गर्नेछ । साथै यो अध्ययनले सामाजिक संस्थाहरुको बारेमा जानकारी लिन इच्छुक शक्तिका साथै पछि आउने अनुसन्धानकर्ता लगायत नीति निर्माण र स्थानीय सरकार, प्रशासन, गैर सरकारी सघं सस्था तथा अनुसन्धानकर्ताको लागि यो शोधपत्रले सहयोग पुऱ्याउने आशा लिइएको

छ । त्यसका साथै बसाइँसराइले समाजमा पारेको असर मूल्याङ्कन गरी समस्या समाधानमा पहल गर्न सम्बन्धीत पक्षको ध्यान केन्द्रीत गराउन सहयोग पुऱ्याउँनेछ । यस अध्ययनबाट स्थानीय समुदायको बसाइँसराइको सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिकी अवस्था बुझ्न सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको सीमा

ढोरपाटन नगरपलिका वडा नं. १, बुर्तिबाङ बजारमा विभिन्न उद्देश्यले अस्थायी तथा स्थायीबसाइँसराइ भएता पनि यस अध्यनमा स्थायी रुपमा बसाइँसराइ गरी आएका र बुर्तिबाङ बजारको फाँट बजार टोल मात्र यस अध्ययनमा समावेश छ । बसाइँसराइ विभिन्न ठाउँमा  हुदै आएता पनि यस अध्ययनमा ढोरपाटन नगरपालिका वडा नं. १ बुर्तिबाङ फाँट बजारमा स्थायी रुपमा बसाइँसरी आएका घरधुरीमात्र समावेश गरिएको छ । अस्थायी रुपमा बसाइँसरी आएका र फाँट बजार बाहेकका  बासिन्दाहरु तथा घरधुरी समाबेस गरिएको छैन ।

## १.६. अध्ययनको सङ्गठन

प्रस्तुत शोधलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा शोधपत्रको विषयवस्तु अध्ययनका लागि विषयवस्तु सान्दर्भिकता पुष्टि गर्ने खालको परिचय दिने किसिमले परिचयबाट सुरु गरिएको छ । यसमा समस्याको कथन, अनुसन्धानको उद्देश्य, अध्ययनको औचित्य, महत्व सीमा र अध्ययनको सँगठन राखिएको छ । अध्याय दुईमा पूर्व अध्ययनको समीक्षा गरिएको छ । यसमा प्राप्त लेख रचना, पुस्तक, पत्रपत्रिका साथै सम्बन्धीत विषयमा समाजशास्त्रीय, मानवशास्त्रीय विद्वानहरुले बसाइँसराइ सम्बन्धी सैद्धान्तिक अध्ययनको उल्लेख गरिएको छ । अध्याय तीनमा अध्ययनमा अध्ययन क्षेत्रको छनोट, अनुसन्धान ढाँचा, तथ्याङ्क संकलन, नमूना छनोट प्रक्रिया, तथ्याङ्क संकलन र प्रस्तुतीकरणबारे प्रस्तुत गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय दिइएको छ । ढोरपाटन नगरपालिका वडा नं. १ फाँट बजारमा रहेका घरधुरी र जनसंख्याको अध्ययन गरिएको छ । जसमा जनसांख्यिक संरचना, परिवारको आकार, उत्तरदाताको बैवाहिक स्थिति, गन्तव्य स्थल अनुसार उत्तरदाताको प्रतिशत, जात र जातियता, भाषा, धर्म, आर्थिक संरचना, परिवारको पेशागत स्थिति बारेमा वर्णन गरिएको छ । अध्याय पाँचमा बसाइँसराइको तथ्याङ्क,  प्रभावको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । अध्याय छ मा निष्कर्ष र सारांश  उल्लेख गरिएको छ ।

# अध्याय दुई : पूर्व अध्ययनको समीक्षा

## २.१ अवधारणात्मक समीक्षा

मानिस एक सामाजिक प्राणी हो । यस कारणले गर्दा विभिन्न प्रयोजनका लागि उसले आफ्नो बसोवासमा परिवर्तन गर्दछ । यसरी घुमफिर गर्ने क्रममा मानिस देशभित्र तथा बाहिर आफ्ना उद्देश्य र इच्छा पूरा गर्ने आवश्यकता रहने गर्दछन् । मानिस स्वभावैले एक ठाउँमा मात्र बसोवास गर्ने प्राणी होइन । प्राचीन कालबाट नै मानिस एक ठाउँबाट अर्को ठाउँमा सर्दै हिँड्ने गर्दथ्यो । वर्तमानमा यो क्रम तिव्र गतिमा बढ्दो छ । मानिसहरू मात्र नभई अन्य जीवजन्तुहरू पनि आफ्नो आवश्यकता अनुरूप एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । आफ्ना विभिन्न इच्छा र आकाक्षाहरू पूरा गर्ने क्रममा मानिसहरू बसोवासका ठाउँहरू परिवर्तन गरिरहन्छन् । यसरी मानिसले आफ्नो आवश्यकता परि पूर्ति गर्नको लागि गरिने बासस्थान परिवर्तनलाई बसाइसराइ भनिन्छ । मानिसका हिजोका आवश्यकताहरू भिन्नै थिए । श्रम शक्ति नाना, छाना र खानाको जोहो गरिरहेका छन् । नेपालमा श्रमिकहरुको संख्या ठूलो मात्रामा उत्पादनको क्षेत्रमा औपचारिक तथा अनौपचारिक तवरले संलग्न छन् । जुनसुकै क्षेत्रमा जे जस्तो काममा संलग्न भएपनि श्रम गरी गुजारा चलाउने तप्का वा वर्ग श्रमिक नै हो (दाहाल, २०६९) । हिजो खानपान, तथा आवासका लागि एक ठाउँबाट अर्को ठाउँमा सर्थ्यो । आज उसका आवश्यकताहरू फेरिएका छन् । त्यसैले बसाइँसराइ पनि फरक कारणले हुने गरेको पाइन्छ ।

कृषि क्षेत्रमा काम गर्ने मानिसको संख्या दिनानुदिन घटिरहेको पाइन्छ । कृषिमा आधुनिकीकरण गर्न नसक्दा नेपालमा कृषि पेशा आकर्षण बन्न सकिरहेको छैन । नेपालीहरु आफ्नो मुख्य पेशा कृषिलाई मानेको देखिएतापनि हाल नेपालको मुख्य खेतीयोग्य भूमिमा आवास निर्माण भइरहेकाले जमिन बाँझिदै जाँदा त्यो तथ्याङ्क घटेको छ । देश आत्मनिर्भर नहुँदा देशमा सहयोगहरुको निर्माण र सञ्चालन गर्न प्राकृतिक स्रोत साधनको प्रयोग गर्न, सदुपयोग गर्न, भ्रष्टचारलाई निर्मुल गर्ने सम्बन्धमा ती देशका नेतृत्व असफल भएका कारणले गर्दा युवाहरु रोजगारीको शिलशिलामा विकसित देशमा पुगेको पाईन्छ (ज्ञवाली, २०७०) ।

विश्वव्यापीकरणले गरिव मुलुक र हाम्रो देश नेपालमा सकरात्मक प्रभाव पार्न सकिरहेको छैन (रा.श्र.प्र., २०६८) ।

बसाइँ-सराइले मानिसको जीवनका विविध पक्षमा गहिरो प्रभाव पारेको हुन्छ। मानिसका बानी-व्यवहार, आहार-विहार, भाषा, संस्कृति, सोचाइ, पेशाजस्ता वैयत्तिक पक्षमा बसाइँसराइले परिवर्तन ल्याउँछ। राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, वातावरणीय पक्षमा पनि बसाइँ-सराइको महत्वपूर्ण प्रभाव परेको हुन्छ । श्रमबाट श्रमिकहरुको जीवनयापन भैरहेको छ । सेवाक्षेत्रमा, उत्पादन क्षेत्रमा, औपचारिक, अनौपचारिक, श्रम क्षेत्रमा गरि विभिन्न क्षेत्रमा श्रमिकहरु रहेका छन् । जुनसुकै क्षेत्र भए तापनि श्रम गरी आफ्नो गुजरा गर्ने वर्ग श्रमिक वर्ग नै हो (दाहाल, २०६९) ।

बहुसंख्यक श्रम निर्यात गर्ने विकसित देशहरुमा अपनाइएको विकास मोडेलले आर्थिक वा सामाजिक विकासको लागि अवसहरु सिर्जना गरेको छैन । यो एकप्रकारको प्रतिगामी गतिशीलताको उदय हो । बेरोजगारी, सामाजिक असमान्ता, उत्पादनमा विच्छेदन, मुद्रस्फीति र ठूलो आर्थिक निर्भताको कारण बसाइँसराइको मुख्य कारण हो । जसको कारण अविसित राष्ट्रहरूलाई ठूलो घाटा भएको देखिन्छ । अधिकांश सामुदायिक अध्ययनहरुको विशेषतामा निराशावादको एउटा महत्वपूर्ण कारण आर्थिक वृद्धिमा बसाइँसराइको प्रभावहरु मापन गर्नको लागि प्रभावकारी धारणात्मक मापदण्डको हो । बसाइँसराइ र रेमिटान्स गरिव देशहरुको लागि अहिलेको अवस्थामा मुख्य आर्थिक गतिविधि हो । आर्थिक प्रलोभनले गर्दा अन्तराष्ट्रिय बसाइँसराइको मात्रा बढेको देखिन्छ तर यो देशलाई निर्भरता बनाउने मुख्य कारक हो (कारलोस, २००२) ।

नेपालीहरुको वैदेशिक रोजगारका लागि बहुराष्ट्रिय कम्पनीमा बसाइँसराइ गर्ने प्रमुख बिशेषता बनेको छ । आजको विश्वमा अन्तराष्ट्रिय बसाइँसराइ विश्वभर नै सरल र सम्भब बनेको छ । जुन राज्यको नीति नियम नै संसारभर सहजता बनेको छ । राम्रो संरचना यातायात तथा संचारले थप सहजता बनाएको छ । विश्वव्यापी रुपमै बसाइँसराइको गति तिब्र र कामदारलाई समाबेस गरेको छ । किनकि बहुराष्ट्रिय कम्पनीको गतिशिल अवस्थाले कामदारहरुको नियन्त्रण एकल रुपमा राज्यसँग हुन्छ । त्यहाँ चिनजानको आवश्यकताले एक अर्कामा सहयोगको भावनाले सरकारले द्विपक्षीय सम्झौताको आधारमा क्षेत्रीय तथा

विश्वव्यापी स्तरको सम्झौताको सहमतिमा उनिहरुको बसाइँसराइ हुन्छ । कामदारहरुको बसाइँसराइमा नीति निर्माता तथा अन्तराष्ट्रिय मानव अधिकार संस्था तथा संरचनाको महत्वपूर्ण गरिन्छ । नेपालमा वैदेशिक रोजगार तथा कामदार सम्बन्धी द्वितीय सम्झौता अन्तराष्ट्रिय नीति नियमको आधारमा सरकारद्वारा गरिन्छ । यसको नियमण वैदेशिक रोजगार विभाग २००७ वैदेशिक रोजगार संम्बन्धि नियम २००८ र अप्रत्यक्ष रुपमा अन्य राष्ट्रिय कानुन द्विपक्षीय कानुनको पालना गरी नेपालबाट कामदारको रुपमा बसाइँसराइ गर्दछन ।

नेपालले आप्रवासनसँगै देशमा मानिसको आगमनलाई अनुभव स्वीकार गरेको गोर्खा बिजयको अबधिदेखि सुरु हुदै शाह शासकहरुले आफ्नो साम्राज्यको थप बिस्तारको लागि आफ्नै शैन्य शक्तिहरुलाई कायम राख्न राजस्व उत्पादन गर्ने उत्तर भारतका आप्रबासिहरुलाई तराइमा बसोबास गर्ने नीतिलाई सक्रियता पुर्बक अपनाइएको पाइन्छ । तल बर्णन गरे अनुसार १९५६ मा मलेरिया उन्मुलन १९६३ मा भूमि सुधार ऐन लागु भएपछि पञ्चायत शासनद्वारा सुरु गरिएका राष्ट्रनिर्माण परियोजना यसले तराइमा पहाडी भेगका मानिसहरुलाई बसाइँसराइ गर्न प्रोत्साहित गरेको पाइन्छ । यो प्रक्रिया केहि समयसम्म रोकिएको थियो भारतिय अध्यागमनलाई विशेष गरी तराइमा आप्रवासीहरुको एकाग्रता बढि छ । नेपालमा पुर्विभारतिय नागरिकहरुको आगमन पहिलेदेखि चलिरहेको घटना हो । भारतको छिमेकी देशबाट तराइतर्फ आगमनहुनुलाई प्रोत्साहन गरेको पछिल्लो घटनाबाट थाहा पाउन सकिन्छ । उदारणको लागि १९८१ र १९९१ को बिचमा नेपालमा मुस्लिमहरुको संङख्या ३५ प्रतिशतले वृद्धि भएको थियो । भारतमा भएको साम्प्रदायिक अशान्तिको कारण मानिन्छ । नेपालमा आन्तरिक बसाइँसराइले सुरुमा पहाडबाट तराईमा बसाइँसराइ गरेको पाइन्छ । सन १९५० को दशकमा मलेरियाको उन्मुलन पछि नेपालमा ग्रामीणदेखि सहरी बसाइँसराइको मात्रा पनि उल्लेखनीय रुपमा पाइन्छ । प्रारम्भिक रुपमा प्रशासनिक र यातायात पुर्वाधारको निरन्तरताले ब्यवस्थित सहरहरुको सेवामा वृद्धि भयो र सहरी ब्यापारिक कार्यहरुको साथमा नयाँ इलाकाहरुको रुपमा उदय भयो । यसले छिमेकी ग्रामीण इलाकाबाट मानिसहरुको आकर्षित गरेको पाइन्छ । पछिल्लो समय आन्तरिक आप्रबासनले विशेष गरी ग्रामीण सहरी बसाइँलाई अन्तराष्ट्रिय आप्रबासनले बढबा दिएको छ । किनकि अन्तराष्ट्रिय आप्रवासनले राम्रो जिबिकोपार्जन र गुणस्तरको खोजीमा आफ्नो गाउँ छोडेर गएको पाइन्छ (सिंजापति र लिम्बु , २०१७) ।

आप्रबासीहरुलाई आकर्षित गर्ने कारणहरु पनि मानिसहरुको प्रयासमा जिम्मेबार हुन्छ । बहुसङ्ख्यक जनताले आफ्नो गन्तब्यका रुपमा भारत र अन्य विदेशी मुलुकलाई रोजेको छन । हामीले देखेको छौ कि १९.८ प्रतिशत मध्ये भारत बाहेक १.६ प्रतिशत मात्रै देशहरु छन । पछिल्लो समय बिदेश जाने संङख्या बढ्दै गएको छ । भारतमा बसाइसर्ने प्रबृतिले बिप्रेशणको कानुनलाई सामर्थक गर्दछ जसमा आप्रबासीहरुले दुरी कम गर्ने गर्दछन । काँडेबास गाबिसमा बसाइँसराइको प्रवृतिले यसै कानुनको दोस्रो भागलाई पनि समर्थक गर्दछ । जसमा भनिएको छ कि लामो दुरी जाने आप्रबासीहरु सामान्यतया बाणिज्य र उधोगको ठूलो केन्द्रहरु मध्ये एक प्राथमिकतामा जान्छन । यद्यपि भारतमा अन्य देश र अन्य क्षेत्रहरुमा बसाइँसराइको लागि यहाँ कुनै जानकारी छैन । तर कुल अनुपस्थितिहरुमा भारतिय आप्रबासीहरुको प्रतिशत ९७.४ छ । भारतलाई बसाइँसराइको गन्तब्यको रुपमा चयन गर्नुको कारण कुल उत्तरदाताहरुको ३१.३ प्रतिशतले अदक्ष कामको सहज उपलब्धता वाचमेन, घरेलु कामदार, कुक, सवारी चालक, सेल्सम्यान आदिलाई भारत रोजेको मुख्यकारण मान्दा आफु दक्षहोस या नहोस जुनसुकै कामको सहज उपलब्धता भएको छ । तर आज मानिसहरु विभिन्न अवसरको खोजीमा बिदेशिने गरेको छन । तिनीहरु प्रायः सजिलो प्रवासकोलागि सिप विकास गर्न विभिन्न प्रशिक्षण लिन्छन (गौतम, १९९९) ।

नेपालको बसाइँसराईलाई तीन फरक वर्गमा विभाजन गर्न सकिन्छः जागिर विवाह बसाइँसराइ र कृषि र अर्थतन्त्रसँग सम्बन्धित बसाइँसराइ ९० प्रतिशतभन्दा बढी आप्रवासी पहाड र हिमालबाट आएका थिए (सुवेदी, १९९१, पृष्ठ ८३) । बसाइँसराइँका कारणहरुलाई बसाइँसराइलाई प्रभाव पर्ने तत्वहरु वा बसाइँसराइँका निर्धारकहरु पनि भन्ने गरिन्छ । जनसख्याका निर्धारकहरु मध्ये बसाइँसराइ फरक घटना रुपमा रहेको पाइन्छ । यो नितान्त व्यक्तिको इच्छा वा चाहनामा पनि भर पर्ने हुनाले यसका कारणहरु यकिन गर्न ज्यादै कठिन हुन्छ । कतिपय अवस्थामा बसाइँसराइँ एक मात्र कारणले नभइ एक भन्दा बढी कारणले पनि हुन सकदछ । बसाइँसराइँका कारणहरु ज्यादै जटिलदेखि लिएर ज्यादै सामान्य पनि हुन सक्दछन् ।

मौसमी बसाइँसराइ नेपालको मध्ये पहाडी क्षेत्रका गरिब जनताहरू बीच अपनाइने सबैभन्दा महत्वपूर्ण जीविकोपार्जन रणनीतिहरू मध्ये एक हो । मुख्य रूपमा श्रमको मौसमी गतिशीलताको रूपमा लिइन्छ (खान, महमूद, यासिन र शाहबाज, २०१०) ।

यस क्षेत्रमा विभिन्न अनुसन्धान संस्था र विद्वानहरूले धेरै अध्ययनहरू गरेका छन् । तीमध्ये अधिकांश आन्तरिक पहाडी, तराई र ग्रामीणबाट सहरी प्रकारका बसाइँसराइसँग सम्बन्धित छन् । नेपालमा बसाइँसराइ प्रवासी प्रवृत्ति र कारणहरूलाई "धक्का र पुल" कारकहरू प्रदान गरेको छ (सुवेदी, १९९१) । वास्तवमा, यी अध्ययनहरूले उत्पत्तिको बिन्दुमा उत्पत्तिको कारण र प्रभावलाई समाजशास्त्रीय दृष्टिकोणबाट विस्तृत रूपमा चित्रण गर्दैनन् । प्रवासलाई विकासोन्मुख देशहरूमा गरिबी र बेरोजगारीबाट मुक्तिको रूपमा लिइन्छ (खान, महमूद, यासिन र शाहबाज, २०१०) । सीमित रोजगारीका अवसरहरू, गरिबी र युवाहरूको उच्च अपेक्षाहरूले उनीहरूलाई औद्योगिक/विकसित देशहरूमा बसाइँ सर्न प्रोत्साहित गरेको छ जहाँ श्रमको माग बढी छ । कानुनी र गैरकानूनी बसाइसराइ आफ्नो दैनिक जीवनको आवश्यकतासँग संघर्ष गरिरहेकाहरूका लागि एक मात्र तत्काल विकल्प बन्दै गएको छ (गोलिनी, रिघी, र बोनिफाजी, १९९१) ।

हालैका वर्षहरूमा, अन्तर्राष्ट्रिय आप्रवासन तीव्र रूपमा बढ्दै गएको छ यसले सामाजिक-आर्थिक, नैतिक, राजनीतिक, स्वास्थ्य हेरचाह र विश्वव्यापी वातावरणमा ठूलो प्रभाव पारेको (खान, महमूद, यासिन र शाहबाज, २०१०) । पछिल्लो समय नेपाल प्रमुख श्रम निर्यात गर्ने देश बन्न थालेको छ । नेपालमा वैदेशिक रोजगारीको इतिहास १९औं शताब्दीको सुरुमा नेपाली सैनिकहरू बेलायती सेनामा भर्ती भइरहेको छ । त्यसपछिका दशकहरूमा धेरै नेपालीहरूले बेलायती र भारतीय सेनामा सैनिकको रूपमा काम गरेका छन् । हाल भारतीय सेना र भारतका अन्य सरकारी संस्थामा ६० हजारभन्दा बढी नेपाली कार्यरत छन् (पन्थी, २०१२) ।

नेपालको भारतमा वैदेशिक रोजगारीको लामो इतिहास छ, १९औं शताब्दीको सुरुमा, जब गोरखा भनेर चिनिने पहाडी क्षेत्रका पुरुषहरू पञ्जाबको उत्तरी क्षेत्रको लाहोर सहरमा पश्चिमतिर बसाइँ सरेका थिए । त्यहाँ उनीहरू सिख राजा रञ्जित सिंहको सेनामा सिपाहीको रूपमा सामेल भए आज पनि विदेशमा काम गर्नेलाई 'लाहुरे' (सेडोन, २००५) भनेर चिनिन्छ ।

देशको मध्ये पहाडी क्षेत्रका अधिकांश घरपरिवारको इतिहासमा मौसमी श्रम बसाइँसराइको ठूलो हिस्सा रहेको छ । तसर्थ, ग्रामीण खेती गर्ने परिवारहरूले गरिबीको सामना गर्न र

आफ्नो जीवनस्तर सुधार्नको लागि खेती बाहेक आफ्नो जीविकोपार्जनको सुधारका लागि थप वा वैकल्पिक विकल्पहरू खोज्छन् (खान, महमूद, यासिन र शाहबाज, २०१०) ।

रेमिटेन्सहरू देश र घरपरिवार दुवै स्तरका लागि आयको महत्वपूर्ण स्रोत हो (विश्व बैंक, ०१७) । सुधारिएको जीविकोपार्जनको खोजीमा एक क्षेत्रबाट अर्को क्षेत्रमा बसाइँ सर्नु मानव इतिहासको प्रमुख विशेषता हो (श्रीवास्तव र साइकुमार, २००३) । बसाइँसराइका यी चालहरू छोटोदेखि लामो दूरीका साथै छोटोदेखि लामो अवधिसम्म हुन सक्छन् । यो उपलब्ध साहित्यबाट स्पष्ट हुन्छ कि विकासशील देशहरूमा रोजगारीका लागि अस्थायी र मौसमी बसाइसराइको व्यापक घटना रहेको छ । मौसमी बसाइँसराइ पनि सबैभन्दा महत्वपूर्ण जीविकोपार्जन रणनीतिहरू मध्ये एक हो, जुन नेपालको मध्ये पहाडी क्षेत्रका गरिबवर्गहरूमा मुख्य रूपमा श्रमको मौसमी गतिशीलताको रूपमा अपनाइन्छ (गोलिनी, रिघी, र बोनिफाजी, १९९१) ।

यी कारणहरूलाई आर्थिक, सामाजिक, राजनीतिक वा वातावरणीय रूपमा वर्गीकृत गर्न सकिन्छ। अन्तर्राष्ट्रिय श्रम आप्रवासनमा संलग्न प्रक्रिया वा संस्था (सूचना संकलन, निर्णय, तयारी, वित्तपोषण) महत्वपूर्ण छ । यी प्रक्रियाहरूले बसाइसराइको प्रवृत्ति र मानिसहरूको जीविकोपार्जनमा श्रम प्रवासको सम्भावित योगदानलाई प्रभाव पार्छ। "माइग्रेसन भनेको जीवन र प्रगति हो "(राभेन्स्टाइन, १८९ : २२८) । विश्वव्यापी रूपमा बढ्दो संख्यामा मानिसहरू आफ्नो जीविकोपार्जन सुधार गर्न वा सुरक्षित गर्नका लागि बसाइँ सर्दै छन्, र पहाडी क्षेत्रहरूले यस प्रवृत्तिमा महत्वपूर्ण भूमिका खेल्छन् । माइग्रेसन प्रायः धक्का कारकहरूको संयोजनको परिणाम हो जस्तै द्वन्द्व, गरिवी, प्रकोप र पुल कारकहरू जस्तै जागिरका अवसरहरू रहन्छन । एसियामा, साना किसानहरूले विगतका दशकहरूमा प्राय : एउटै क्षेत्रमा रोजगारी खोजेर वा बसाइँसराएर आफ्नो जीविकोपार्जनलाई बढ्दो रूपमा विविधीकरण गरेका छन् (Rigg et al, 2016) । माइग्रेसन सम्बन्धी अध्ययनहरू उन्नाइसौं शताब्दीको उत्तरार्धको हो जब (राभेन्स्टाइन, १८८९) ले आफ्नो प्रसिद्ध लेख "माइग्रेसनका नियमहरू" प्रकाशित गरे । त्यसबेलादेखि अर्थशास्त्र मात्र होइन अन्य सामाजिक वैज्ञानिकहरू जस्तै जनसांख्यिकी, समाजशास्त्री र भूगोलविद्हरूले प्रवास साहित्यमा योगदान दिएका छन् ।

यो उदीयमान प्रवृत्तिले गरिवी घटाउन सरकारी हस्तक्षेपका लागि जटिलता थपेको छ । यसले आधारभूत सामाजिक सुरक्षामा सरकारी लगानीलाई दवाव दिन सक्छ । सहरी गरिबहरू सामान्यतया असँगठित र अनौपचारिक अर्थतन्त्रमा संलग्न छन् जुन हस्तक्षेप गर्न गाह्रो छ (दाहाल, २०११) । सहरी गरिवहरूको जीवन अवस्था निराशाजनक हुन सक्छ र धेरैले ग्रामीण गरिवहरूमाथि गम्भीर चुनौति थप्न सक्छन् (बेकर, २००८) ।

## २.२ सैद्धान्तिक समीक्षा

सामान्यतया बसाइँसराइ आन्तरिक र बाह्रय तथा स्थायी र अस्थायी गरी ४ प्रकारको हुन्छ । एउटै देश भित्र एउटा भौगोलिकबाट अर्को भौगोलिक क्षेत्रमा विविध कारणले मानिसहरुको आवागमनलाई आन्तरिक बसाइँसराइ भनिन्छ । यसैगरी एउटा देशबाट अर्को देशमा सरेर जाने अवस्थालाई बाह्रय बसाइँसराइ भनिन्छ । लामो समय अर्थात् अक्सर रुपमा बसोबास गर्नुलाई स्थायी भने कुनै छोटो समयको लागि बसोबास गर्नुलाई अस्थायी बसाइँसराइ भनिन्छ (खड्का, १९७७) । गाउँमा रोजगार नहुनु बसाइँ सराइको मुख्य कारण हो (गौतम, १९९९) । विकसित देशमा मुख्य तया ग्रामीणदेखि सहरतर्फ बसाइसराइ हुने गर्दछ । स्रोतको असमान वितरण भौगोलिक बिकटता गरिवीको कारण हो । ग्रामीण भेगबाट .नेपालबाट मुख्य रुपमा वैदेशिक रोजगारको लागि मलेसिया, कतार, दुबैइ जस्ता खाडी मुलुक रोजगारको केन्द्र बनेको छ । यसको प्रभावले कुल राष्ट्रिय उत्पादन बढेको छ । गरिवी घटेको पाइन्छ तर शिक्षाको कमि तथा सिपमुलक कार्यमा पनि बिदेश जाने प्रचलनले ३ डि (डर्टी, डेन्जर र डिफीकल्ट) काम गर्न बाध्य भएका छन अझै दलित सामुदयमा तल्लो स्तरका काम फोहोर जोखिम युक्त र गाह्रे काम गरिरहेको पाइन्छ । बसाइँसराइको सकारात्मक तथा नकारात्मक प्रभाव रहेको छ । बसाइँ सराइले बालबालिकाको शिक्षा राजनीतिक चेतना तथा सामाजिक, स्तरमा परिवर्तन आएको छ । अन्धबिस्वास कुरीति तथा सामाजिक असमानता घटेको छ । अर्कातिर नकारात्मक प्रभावमा अनुउत्पादन क्षेत्रमा रेमिटान्सको लगानी गर्ने पारिवारिक बेमेल तथा सम्बन्धबिच्छेद रक्सी चुरोटको कुलतमा फस्ने गरेको पाइन्छ (कुँवर, २०१५ ) ।

### २.२.१ विश्वव्यापीकरण सिद्धान्त र बसाइँसराइ

यातायात सुचना संचार प्रविधिको विकासले सम्पूर्ण विश्व आज सानो गाउँ बनेको छ । सामान्यतया विश्वव्यापीकरण भन्नाले एक ठाउँको बस्तु तथा सेवा सुचना प्रविधि, ज्ञान, कला, सस्कृति आदिको सहजरुपमै विश्वको जुन सुकै ठाउँमा पुग्नु भन्ने बुझिन्छ । उदारणका लागि प्रजातन्त्र मानव अधिकारको लगायतका बिषय कसरी फैलियो ? अतः विश्वव्यापीकरण सिद्धान्तले कुनै पनि ठाउँको बसाइँसराइमा ठूलो प्रभाव  पार्दछ । त्यसै गरी बसाइँसराइ पनि एक विश्वव्यापीकरण प्रक्रिया हो । कुनै पनि ठाउँको नीति निर्माण कार्यान्वन विकासको आयामहरुको दायरा  फराकिलो भयो भने  त्यस्तै उधोग कलकारखाना सन्चार स्वास्थ्य यातायातमा सरलता भयो भने त्यहाँको बसाइँ सराइको गति तिब्र हुन्छ । विश्वव्यापीकरण ब्यक्तिगत बिषय हो । तर पुर्णरुपमा विश्वको जुन सुकै ठाउँमा आवत जावत जागिर व्यापार उपचार गर्ने अवसरब्यक्तिमा हुने गर्दछ । यो लेखको उद्धेश्य विश्वव्यापीकरण समग्र चित्रण गर्न विभिन्न आयामहरु निर्माण भएको पाइन्छ जस्तै एक अर्कासँग अन्तर सम्बन्धी देशहरु एकता भएका छन । धार्मिक मुल्यमान्यता आर्थिक तथा सामाजिक माध्यमबाट एकता भएको पाइन्छ । विश्वव्यापीकरणको प्रभाव स्वरुप बसाइँसराइले सामाजिक मुल्य र मान्यतामा समेत ब्यापक परिवर्तन आएको छ । बसाइँसराइको कारणले सामाजिक संरचनामा परिवर्तन भएको छ । विविधतापुर्ण समाजको निर्माण भएको छ । विश्वव्यापीकरण प्रक्रियाले समग्र मानिसहरुको चाहना अनुरुप विभिन्न पक्षबाट एकाताको प्रक्रियामा बाढिरहेको हुन्छ । यसको परिणाम स्वरुप एक क्षेत्र र अर्को क्षेत्रको संस्कृतिले समाजमा प्रभाव पारेको पाइन्छ ।

### २.२.२ आधुनिकरण सिद्धान्त र बसाइँसराइ

बसाइँसराइको अध्यनमा १९६० को मध्ये तिर आधुनिकरणको सिद्धान्त समाजशास्त्र तथा मानवसास्त्रको क्षेत्रमा मुख्यरुपमा भएतापनि आधुनिकरणको बिचारधारा प्रकृयासँगै आधुनिक परम्परागत, सहर ग्रामीण जस्ता विभिन्न आधारमा बिभाजित भयो । मुख्यतया यो सिद्धान्तको मान्यता बचत तथा रेमिटान्सबाट बसाइँसरी फर्किएका मानिसहरुले आधुनिक मुल्यमान्यता लिएर परम्परागत ठाउँमा बसाइँसरी फर्किएका मानिसहरुले गाउँमा अर्थात परम्परागत समाजमा नयाँ आधुनिक मुल्यमान्यताका साथै ब्यक्तिबादी संस्कार भित्राएको पाइन्छ । जो शिक्षाको लागि उघमशीलताको लागि र नयाँ ज्ञानको खोज अनुसन्धानको लागि

रहेको मानिसहरुले परिवर्तनको लागि विकसितबाट अर्धविकसितसमाजमा ठूलो प्रभाव पारेको पाइन्छ । विदेशी रेमिटान्स भित्राउने कामदार विकासको लागि नयाँ अबधारणा मुल्यमान्यता तथा ज्ञानको सिकाइ भएको पाइन्छ ।

## २.३ व्यवहारिक समीक्षा

बजारमा रोजगार, शिक्षा, स्वास्थ्य, यातायात जस्ता भौतिक पुर्वाधारको सहज पहुँचको कारणले पनि बजारमा बसाइँसरी आउनुको प्रमुख कारण ससाना वजार क्षेत्रमा सहरीकरण र बजारको क्षेत्र बढ्दै जादा सामाजिक संरचना पेशा रहन सहन तथा जीवनशैलिमा पनि परिवर्तन भइरहेको छ । विभिन्न सेवा सुविधा सुरक्षा वातावरणको कारणले निरन्तररुपमा गाउँबाट नजिकको बजारमा बसाइँसरी आउने क्रम बढिरहेको छ  साथै फरक धार्मिक आस्था सामाजिक कुरीति तथा जातिय द्वन्द जस्ता कारणले पनि बसाइँसराइमा प्रभाव पारेको पाइन्छ । बसाइँसराइको प्रभावले महिलाको सामाजिक कार्यमा सक्रियता बढेको छ । पुरुष वैदेशिक रोजगारमा हुने घरधुरीका महिलामा तनाब पनि सिर्जना भएको पाइन्छ भने मुख्य रुपमा आम्दानीको मुख्य खर्च बालबालिकाको पढाइ र घर तथा जग्गाको संरचनामा खर्च गर्दछन भने वैदेशिक रेमिटान्सले दलितहरुको सुकुम्बासी हुने बिषयलाई उत्थान गरेको छ  (अधिकारी, २०१५) ।

विकसित देशहरुमा बसाइँसराइ सामान्यतया ग्रामीण भेगबाट सहर तर्फ हुने गर्छ जहाँ दवावमुलक तथा ग्रामीणबाट जाने मानिसहरु सुरुमा असहजता महसुस गर्दछन । मुख्यतया बसाइँसराइको कारण गरिवी सामाजिक असमानता स्रोतको असमान बितरण भौगोलिक बिकटता तथा भोकमारी लगायतका कारण बसाइँसराइ गरेको पाइन्छ । ज्यालादार  कामदार आर्थिक स्रोतको बनेको छन १९९५/१९९६ को जिबिकोपार्जन सर्बेक्षणमा ५७ रेमिटान्समा आधारित रहेको पाइन्छ । नारायणगढ हाइवेको विकाससगै निरन्तर सवारी सेवाले बिद्यालय प्रहरी सेवा स्वास्थ्य सेवा रोजगार तथा सार्बजनिक व्यक्तिगत स्रोतहरुको पहुँच भएको कारण बसाइँसराइ गरी आए । यहाँ बसाइँसराइ गरी आएको बासिन्दाले शिक्षा, स्वास्थ्य, सामाजिक लगायतको क्षेत्रमा सुनैलो अवसर प्राप्त गरेको कारणले गर्दा आर्थिक, सामाजिक तथा जनसाङ्खिक परिवर्तनभयो समाबेसी  मिश्रित तथा पारस्पारिक खालको छिमेकी निर्माण

भयो । सैन्य शक्ति बिद्यालय उमेर जात, जाति,  रोजगार तथा वैवाहिक स्थितिमा परिवर्तन भयो (बोहोरा र मेस्सी, १९९६) ।

नेपालको बासिन्दाहरुमा २००० बर्ष पहिले बसाइँसराइको इतिहास सामान्य भयता पनि हाल यो जतिल बन्दै गएको छ । बिगतमा मुख्यतया आम्दानीको सिकार तथा कृषि थियो जब मानव विकासको क्रमसँगै औधोगिकरणको विकास भयो तब मानवको गतिसँगै पेशागत आर्थिक, सामाजिक परिवर्तन भयो । विश्वमा पुँजींवादको सुरुवातिसँगै नेपालमा पनि जिविको पार्जन पद्धति परिवर्तन भयो । नेपाली जनताले पनि आधुनिक प्रविधि सुविधाहरु उपभोग गर्न चाहन्छन तब विधि सुविधा प्राप्त गर्नको लागि बसाइँसराइको गति तिब्र रुपमा वृद्धि भएको पाइन्छ । विशेष गरी पहाडमा निश्चित स्रोत साधन र आर्थिक अवसरको गति कमि भएको कारणले तिब्बतियन सीमाना हुदै नुन र अन्य सामान  लिने र भारतिय आर्मी हुने क्रममा बसाइँसराइले गति लिएको पाइन्छ । मुख्यतया बसाइँसराइ विभिन्न पेशा तथा जिविको पार्जनको लागि वैदेशिक रोजगार आर्मी लगायतका पेशाहरुमा देश भित्र वा बाहिर मौसमी कामदारको रुपमा बसाइँसराइ गरेको पाइन्छ । यो लेखले ग्रामीण भेगमा परेको सामाजिक तथा आर्थिक प्रभावको बारेमा दीर्घकालीन जिविकोपार्जनमा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा खोजी गरेको पाइन्छ । युरोपमा औधोगिकरण र प्रविधिको विकास भएसँगै नयाँ  बसाइँसराइ ठूलो संङ्ख्यामा वृद्धि  भयो जहाँ लामो समयको लागि ऋृण बसाइँसराइ र छोटो समयको लागि बसाइँसराइ गर्ने कामदारलाई गेष्ट कामदार पर्यटक भनिन्थ्यो । आज पनि यहाँ बसाइँसराइ गरी संसार भरिबाट विभिन्न रोजगार तथा अन्य कारणले बसाइँसराइको गति तिब्र छ । गरिव देशहरुबाट यहाँ जानेको संङ्ख्या ठूलो छ । गरिव क्षेत्रबाट औधोगिक क्षेत्रतर्फ बसाइँसराइ गरेको पाइन्छ । कामदारको बसाइँसराइ विशेष रुपमा आर्थिक परिवर्तन भएको देशहरुमा भएको पाइन्छ जस्तै भारत पाकिस्तानबाट ब्रिटेन, इन्डोनेसियादेखि नेडरल्याण्ड तुर्किस्थानदेखि जर्मनी, फ्रान्स, भियतनामसम्म गएता पनि हाल यी सबै देशहरुबाट जापान, अस्ट्रेलिया र नेदरल्याण्ड विशेष गरी दक्षिण एसियाबाट नव औधोगिक देशहरु जस्तै मलेसिया, सिङ्गापुर, दक्षिण कोरिया र खाडी मुलुकहरुमा बसाइँसरी गएको पाइन्छ । यद्यपि नयाँ औधोगिकरण तथा अर्धविकसित देशहरुमा कामदारको बसाइँसराइ र रेमिटान्सको प्रमुख स्रोत हो । स्थानीय ग्रामीण भेगको बासिन्दा गैरकृषकले रोजगार खोजीरहेको पाइन्छ । छोटो समयको लागि होस वा सिपमुलका तथा लामो समयको् लागि होस विभिन्न लेखकहरुको अनुसन्धानमा बाहिरी बसाइँसराइले

नयाँ प्रविधि ज्ञानसँग परिचित गराएको छ । किनकि नयाँ ज्ञान र नगद आम्दानीको कारणले गर्दा कारणले गर्दा बाहिरी बसाईँसराइले ग्रामीण भेगका घरेलु कामदारलाई विभिन्न पेशामा संलग्न हुने मौका दिएको छ । जीवन पद्धतिको रक्षा तथा सहज तरिकाले बाँच्न पाउने सुरक्षित तथा जोखिम कमगरी संघर्षशील जीवनयापन गर्न मद्दत गरेको छ । रेमिटान्सले उनिहरुको ससाना ब्यवसायको वृद्धिगरी परम्परागत पेशालाई घटाएको छ भने संरचनागत परिवर्तन ल्याएको पाइन्छ । यो लेखमा विशेष गरी ( १९८९/९० ) कास्की जिल्लाको लाहनचोक रिबन गाउँमा रेमिटान्सले पिछडिएको तथा ससाना गरिन्छ । जमिन बिहिन किसानहरुले जग्गा भाडामा लिने र गाउँमै साना ब्यावसाय गरी जिविकोपार्जनमा थप सहजता भएको पाइन्छ । बाहिरी बसाइँसराइको कारणले गाउँ गाउँमा पुरुष कामदार नपाइएको देखिएको छ । किनकि जमिन भाडामा लिने प्रचलनले बाँझो जमिनलाई उत्पादनमुलक बनाएर स्वरोजगार सिर्जना गरेको पाइन्छ । यो एउटा सकारात्मक परिवर्तन हो । सन १९९४ /९५ मा अरब देशमा रोजगारको लागि ठूलो संङ्ख्यामा जाने अवसरप्राप्त गरे पछि गाउँमा कामदार पाउन मुस्किल भयो यसले पुरुषहरुको ज्यालामा वृद्धि भयो । यसले गर्दा किसानहरुलाई कामदार नपाएपछि कृषि पेशामा निरुत्साहित गरायो रेमिटान्स को मुख्य लगानीले घरेडी किन्ने प्रचलन बढ्न थाल्यो यसले बागलुङ, पर्वत र म्याग्दीमा घरेडीको मुल्य पनि वृद्धि गरेको पाइन्छ (अधिकारी, २०१५) ।

सुर्खेत उपत्यकामा बसाईँसरी आउनुको विविध कारणको खोजी गरी स्रोतहरुको छनोट , वातावरणीय तनाब उच्च जनसांङ्खिक चाप खाधान्नको अभाव विकासको पुर्वाधारको अभाव बेराजगारका कारण मानिसहरु बसाईँसराइ गर्नुको मुख्य कारण रहेको पाइन्छ ( गुरुङ, १९७३)

कैलाली कन्चनपुरमा बसाइँसराइको सर्बेक्षणमा आधारित अनुसन्धानको मुख्य खोज पहाडबाट तराइमा बसाइँसराइ गरी जानेहरुको मात्र एक पक्षिय बसाइँसराइ रहेको निष्कर्ष निकालिएको छ । यसमा बसाइँसराइ गर्नेहरुको उमेर, लिङ्ग, पेशाको छनोट गरिएको पाइन्छ । जनसंङख्याको वृद्धि खाधान्नको अभाव र गरिवीको कारणले पहाडबाट तराइ तर्फ बसाइसरेको पाइन्छ । पहाडमा मोटरबाटो तथा सिचाइमा सुविधा बढाउन बसाइँसराइ कम गर्न सकिने यो अध्ययनको सुझाव रहेको छ (बिष्ट, १९७५) ।

बसाइँसरी आउने मानिसहरुको बारेमा पहाडी जिल्लाबाट बसाइँसराइ गरी शहरमा आउनुको कारण रोजगारको अवसर सुनौलो भबिष्यको परिकल्पना दक्ष तथा अदक्ष काम पाइने भएको कारणले आर्थिक समृद्धि, शिक्षा, स्वास्थ्य जस्ता आधुनिक सुविधाहरु र खाद्यान्नको सर्वसुलभता तथा बाढी पहिरोको उच्च जोखिम कम गर्न बसाइँसरी आएको पाइन्छ (तामाङ, १९९८) ।

बसाइँसराइ गरी आउने र जानेहरुको मुख्य तत्वहरुको बारेमा नवलपरासी जिल्लाको अध्ययन गरिएका छ । बसाइँसराइ गरी बाहिर जानुको कारण परम्परागत कृषि प्रणाली उत्पादनमा कमि जग्गा जमिनको कमि भएकोले आफ्नो कम बसाइँसराइ गरिन्छ । साथी भाइ आफन्तहरुको भेटघाट, निशुल्क जग्गाको वितरण, उर्भर माटो, उत्पादनमा वृद्धि उपचारमा सहजता सामान तथा जग्गाको मुल्य कम हुनु, यस ठाउँको आकर्षणको महत्वपूर्ण पक्ष हो । उल्काको अध्यनमा पन्चासेको ग्रामीण भेगबाट बसाइँसरी पोखरा बजारमा आउनुको मुख्य कारण आम्दानीको फराकिलो क्षेत्र तथा रोजगारको अवसरसामाजिक तथा आर्थिक विकास सबैभन्दा महत्वपूर्ण  पक्ष हो ।  स्याङजा जिल्लाको पन्चासे कृषि ग्रामीण, गाउँमा जहां तल्लो तहको पूँजीगत आम्दानीका भएको ससाना कृषक खाधान्नको अपुग रोजगारीको अभाव, पतिहरुको आर्थिक शोषण त्यहाँको विकर्षणको तत्व हो । उक्त अध्ययनमा संयुक्त  एकल भन्दा धेरै बसाइँसराइ गरेको पाइन्छ । गैरदलित सामुदायको भन्दा दलित सामुदायमा बसाँइसराइ धेरै रहेको पाइन्छ (उल्का, १९८८ ) ।


बसाइँ हिंड्नेहरू केहीले बाहेक अधिकांशले खेतबारी त्यतिकै छाडेर हिंड्ने गरेका छन् । पहाडका उर्बर मानिएका जमिनसमेत बिक्री हुन छाडेको छ । बसाइँ हिंड्ने हरेक परिवारका सदस्य वैदेशिक रोजगारीमा गएका हुन्छन् । उनीहरूले कमाएको पैसाले तराईको गाउँमै भए पनि १०-१५ घुर जग्गा खरिद गर्छन् र त्यहीं सानो घर बनाएर बसाइँ सर्छन् । उता उनीहरूले छाडेको पहाडको जग्गा भने बाँझै हुन्छ । तराईका उर्बर जमिनमा समेत घरहरू ठडिने क्रम बढ्दै गएको छ । पहाडका जमिन बाँझो बस्ने र तराईका उर्बर जमिनमा घरबन्दा उत्पादनमा गम्भीर असर परेको महेन्द्र मोरङ क्याम्पसका प्रमुख डा. बाबुराम तिम्सिना बताउँछन् । बसाइसराइँलाई नरोके मुलुक सामाजिकसँगै आर्थिक रूपमा समेत जर्जर हुने जोखिम बढेर गएको उनी बताउँछन् । उनले स्थानीय तहले बसाइँसराइ रोक्न नयाँ योजना ल्याउनुपर्ने जोड दिए बसाइँसराइ गर्नुका मुख्यकारण आर्थिक तत्व र सरकारी

पुनरसंरचनाको कार्यक्रमको कमिले गर्दा बसाइँसराइ गरेको पाइन्छ । बसाइँसरी आउनेहरुमा मुख्यतया २० देखि २९ बर्ष उमेर समुहको पर्दछन् । आर्थिक, सामाजिक तथा साँस्कृतिक सम्बन्ध नरहेको पाइयो भने २७.५ प्रतिशत उत्तरदाता घरधुरी सर्वेक्षण अनुसार गरिएका सामाजिक तथा साँस्कृतिक सम्बन्ध आफ्नो जन्मभूमिसँग रहेको पाइन्छ (घिमिरे, १९९७) ।

## २.४ साहित्यिक समीक्षाको निष्कर्ष

बसाइँसराइ सम्बन्धी विभिन्न अवधारणात्मक सैद्धान्तिक तथा साहित्यिक व्याख्या तथा विश्लेषण विशेषगरी रोजगार र आर्थिक कारणसँग सम्बन्धितसँग सम्बन्धित भएतापनि हालको पेशा परिवर्तन भएको पाइन्छ । अशिक्षा, भौगोलिक विकटता, तथा सामाजिक कुरितिका कारण बसाइँसराइमा असन्तुलन भएतापनि हाल स्वास्थ्य, शिक्षा, सामाजिक विकासको पुर्वाधारको गति निरन्तर हुदाँपनि बसाइँसराइ किन बढिरहेको छ ? बसाइँसराइ सम्बन्धी रोकथाम तथा प्रोत्साहन स्थानीय तहबाट कस्तो खालको नीति नियम अबलम्बन गरेको छ ? तथा उक्त लेखमा यी कुराहरुको व्याख्या तथा विश्लेषणको उत्थान गरेको पाइदैन । मानिस धार्मिक तथा साँस्कृतिक कारण आर्थिक तथा विभिन्न रोजगारको अवसरकाकारण सामाजिक तथा राजनीतिक कारण ब्याबसाहिक कारण, जात जातिको कारण सामाजिक सुरक्षाको कारण बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचार यातायातको सहजता कारण बसाइँसराइले धार्मिक सामाजिक तथा साँस्कृतिक तथा उनिहरुको जीवन शैलिमा प्रभाव पारेको देखिन्छ । सम्बन्धी योजनाको कार्यान्वयन नहुनु, विकासको सामाजिक साथै भौगोलिक रुपमा गाउँदेखि नजिकको बजारमा बसाइँसराइले आफना नाता गोतासँग सामाजिक संस्कार चाड पवजस्ता कार्यमा सहज हुने कारणले पनि आन्तरिक बसाइँसराइ भएको छ । बसाइँसराइ ब्यत्तिको इच्छा र चाहनामा पनि भर पर्ने हुनाले यसको कारण यकिन गर्न कठिन हुन्छ । कतिपय अवस्थामा बसाइँसराइको एक मात्र कारण नभएर बहुपक्षिय कारण पनि हुन सक्छ । अतः उक्त बिषयको खोज गर्न जरुरी छ । साथै ढोरपाटन नगरपालिकामा बसाइँ सराइ सम्बन्धी हालसम्म कुनै पनि खोज नभएकोले ढो.न.पा. १ फाँट बजारमा बसाइँसरी आउनुको कारण र सामाजिक, आर्थिक क्षेत्रमा परेको प्रभावको बारेमा खोज गरिएको छ ।

## २.५ अध्ययनको अवधारणागत खाँका




**चित्र नं. २.१ अवधारणागत खाँका ।**

मानिस सामाजिक प्राणी हो । बसाइँसराइ व्यक्तिको इच्छा र चाहनामा पनि भर पर्ने हुनाले यसको कारण यकि न गर्न कठिन हुन्छ । कतिपय अवस्थामा बसाइँसराइको एक मात्र कारण नभएर बहुपक्षिय कारण पनि हुन सक्छन । आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक, राजनीतिक, प्राकृतिक विपत्ति, विकाशका पूर्वाधार, शहरी उन्मुख क्षेत्र, नातेदारी, रोजगार, यातायात सञ्चार, तथा विभिन्न रोजगारको अवसर लगायत अफ्नो दैनिक आवस्यकता परिपुर्तिको लागी गाँउमा उपलब्द नहुने सेवा सुविधा पैसाले बजारमा सहजरुपमा उपभोग गर्न पाइने कारणले पनि बसाइँसराइ गरेको पाइन्छ । जात जातिको कारण सामाजिक सुरक्षाको कारण बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचार यातायातकले आवत जावतमा सहजता जस्ता कारण बसाइँसराइले धार्मिक सामाजिक तथा साँस्कृतिक तथा उनिहरुको जीवनशैलीमा प्रभाव पारेको देखिन्छ । बसाइँसराइ सम्बन्धी योजनाको कार्यान्वयन नहुनु, विकासको सामाजिक साथै भौगोलिक रुपमा गाउँदेखि नजिकको बजारमा बसाइँसराइले आफना नाता गोतासँग सामाजिक संस्कार चाडपर्वजस्ता कार्यमा सहज हुने कारणले पनि आन्तरिक बसाइँसराइ भएको पाइन्छ ।

# अध्याय तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानको ढाँचा

ढोरपाटन नगरपालिका वडा नं १ बुर्तिबाङको फाँट बजारमा स्थायीरुपमा बसाइँसराइ गरी आएका घरधुरिको बसाइँसराइको कारण र सामाजिक आर्थिक तथा सांस्कृतिक रुपमा पारेको प्रभावको बारेमा यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक तथ्याङ्क प्राप्तिको लागि गुणात्मक संङख्यात्मक तथा प्रश्नावली सूची तयार गरि प्रत्यक्ष अन्तरवार्ता र घरमुलिसँग घरधुरी सर्बेक्षण तथा प्राथमिक तथ्याङकको माध्यमबाट अनुसन्धान ढाँचाहरूको प्रयोग गरिएको छ । यस अध्ययनमा विशेष रुपमा ब्याख्यात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरी तथ्याङ्क संकलन तथ्यहरुको विश्लेषण गरिएको छ ।

यस अध्ययनको मुख्य ठाउँ ढोरपाटन नगरपालिका वडा नं. १ फाँट बजारलाई समाजशास्त्रीय शोधकार्यमा केन्द्रित रहेर उद्देश्यमूलक नमूनाको आधारमा छनोट गरिएको छ । किनभने यस स्थानबाट खोजको सिमाभित्र परेका ५२९ घरधुरी रहेका छन् । ती मध्ये बसाइँसराइ गरेका घर संख्या २१६ रहेका छन । यी मध्ये ६२ घरधुरीलाईमात्र लिइएको छ ।

## ३.२ अध्ययनको समग्रता र नमूना छनोट

ढोरपाटन नगरपालिका वडा नं १ बुर्तिबाङ फाँट बजार अध्ययनको समग्रता हो । बुर्तिबाङको फाँट बजार टोलमा विभिन्न उद्देश्यले स्थायी रुपमा बसाइँसरी आएका प्रत्येक घर ६२ घर धुरीलाई उद्देश्यमूलक नमुना छनोट गरी अध्ययन गरिएको छ । परिवारका मुलिसँग पारिवारिक बिवरणको उत्तर प्राप्त गरिएको छ । गुणात्मक विधिबाट प्रश्नावली सूचि तयार गरी प्रत्यक्ष अर्न्तबार्ता तथा अवलोकनको माध्यमबाट प्रत्येक घरमुलिसँग घरधुरी सर्वेक्षण गरिएको छ ।

१) प्राथमिक स्रोत

२) द्वितीय स्रोत

### १)    प्राथमिक स्रोत

प्राथमिक सूचनाहरु क्षेत्र अध्ययन अवलोकन र अर्न्तवार्ता प्रश्नावली जस्ता पक्षहरु स्रोतको रुपमा प्रयोग गरिएको छ । सामाजिक अध्ययनमा त्यस्ता अध्ययन क्षेत्रबाट सूचनाहरुको उजागर नभएका तथ्यहरु देख्न तथा अनुभव गर्न सकिन्छ ।

### २) द्वितीय स्रोत

द्वितीय स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसँग मिल्ने खालका समानान्तर संघसंस्था पत्रपत्रिका, औपचारिक लेखहरु, सरकारी निकायमा तथ्याङ्कहरु गाउँपालिका वडा कार्यालयबाट प्राप्त तथ्याङ्कहरु लिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका विधि

कुनैपनि शोधकार्यलाई पूर्ण रुपमा प्रदान गर्नका लागि बास्तविक तथ्याङ्क जवसम्म आउन सक्दैन त्यो शोधकार्य सफलीभूत मानिदैन । सत्य तथ्यगत अंक (तथ्याङ्क) संकलन गर्नलाई आवश्यक सबै खालको साधनहरुको उपयोग गरी तथ्याङ्क संकलन गर्नुपर्ने हुन्छ । यस वर्तमान अध्ययनमा प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनहरु निम्न बमोजिम छन् :

### ३.३.१ अर्न्तवार्ता अनुसूची

यस शोध कार्यमा नमूना छनोट भएका घर परिवारमा प्रश्नावली अनुसूचीहरु प्रयोग गरिएको छ ।

१) जनसाख्यीकीय र जातजातिका सूचना प्राप्त गर्न

२) बसाइसराइसँग सम्बन्धीत सूचनाहरु प्राप्त गर्न ।

लक्षित घर परिवारको उमेर, पेशा, आय आदिबारे जानकारी लिन सामाजिक समस्या तथा घटनाको अध्ययन गर्न प्रश्नावली सूचीको प्रयोग गरिएको छ ।

### ३.३.२ प्रत्यक्ष सहभागी अवलोकन

प्राथमिक तथ्याङ्कको सङ्कलनका साधनहरुको मुख्य ज्ञान भनेको प्रत्यक्ष सहभागी अवलोकन विधि हो । साथसाथै बसेर ती बसाइँसराइ गरेर आएका उत्तरदाताको जनजीवन रहनसहन खानपिन घरपरिवारको सम्बन्ध व्यवहार भु-सम्पत्ति आदि बारेमा प्रभावको मूल्याङ्न आदिको बारेमा प्रत्यक्ष सहभागी अवलोकन गरेर सूचना सङ्कलन गरि अध्ययनलाई सार्थक रुप प्रदान गरिएको छ ।

### ३.३.३ प्रश्नावली सूची

यस शोध पत्रमा सबैभन्दा धेरै सूचना दिने साधन भनेको प्रश्नावली हो । यो प्रश्नावली केवल छनोट भएका उत्तरदाताहरुलाई मात्र समेटिएको छ । यस प्रश्नावलीको मुख्य उद्देश्य बसाइसराइको सिलसिलामा प्रत्यक्ष भोगाई र असरहरु अनुसन्धान गरिएको छ ।

### ३.३.४ समूह छलफल

तथ्याङ्क सङ्कलन विधि मध्ये समूह छलफल एक महत्वपूर्ण माध्यम हो जहाँ एक अर्काबीच विषयवस्तुको सामुहिक छलफल हुन्छ । त्यस्तै बसाइसराइको बारेमा छलफल, बसाइसराइका कारणहरु, बसाइसराइ अगाडिको घरको अवस्था र बसाइसराइ पछिको सुधार जस्ता पक्षहरुको विषयमा सामुहिक छलफल गरी आएका परिवर्तनको सकारात्मक  माध्यम रहेको देखियो ।

## ३.४ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

वर्तमान अध्ययन कार्यमा उपयोग तथ्याङ्कहरुलाई आवश्यकता अनुसार सङ्ख्यात्मक र वर्णानात्मक रुपमा प्रस्तुत गरि तथ्याङ्कको प्रकृति अनुसार विश्लेषण गरिएको छ । सङ्ख्यात्मक रुपमा प्राप्त तथ्याङ्कहरुलाई तालिकीकरण गरी रेखाचित्र, वृत्तचित्र र स्तम्भचित्रबाट समेत प्रस्तुत गरिएको छ भने अन्य तथ्यबाट प्राप्त सूचनालाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

# अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ जनसाङ्खिक विवरण

ढोरपाटन नगरपालिका बागलुङ जिल्लाको गण्डकी प्रदेश अर्न्तगत बागलुङ जिल्लाको पश्चिम भेगमा पर्दछ । मानिस सामाजक आर्थिक विभिन्न सेवा सुबिधा आवतजावतमा सहजता व्यापार व्यवसाय, रोजगारी, शिक्षा, स्वास्थ्यमा सहजता सुरक्षा लगायतका कारण बसाइँसराइ गरेको पाइन्छ । ग्रामीण सहरको रुपमा स्थापित यस सहरमा निसीखोला, भुजीखोला, तमानखोला, बढिगाडबाट बसाइँसरी गरी आएको पाइन्छ । विभिन्न जात जातिको बसोबास रहेको यो ठाउँमा बसाइँसरी यो क्षेत्रमा ब्राम्हण क्षेत्री, गुरुङ, विश्वकर्मा, दमाई जातिको बसोबास रहेको छ । ढोरपाटन नगरपालिका वडा नं १ बुर्तिबाङ फाँट बजार अध्ययनको समग्रता हो । बुर्तिबाङको फाँट बजार टोलमा विभिन्न उद्देश्यले स्थायी रुपमा बसाइँसरी आएका प्रत्येक घर ६२ घर धुरीलाई उद्देश्यमूलक नमुना छनोट गरी अध्ययन गरिएको छ ।

### ४.१.१ बसाइँसइरी आउनेहरुको स्थानत वर्गीकरण

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँटबजारमा बसाइँसराइगरी आउनेहरु मध्ये ढोरपाटन नगरपालिका, तमानखोला गाउँपालिका, निसीखोला गाउँपालिका, बढिगाड गाउँपालिका र म्याग्दी जिल्लाको रुमबाट बसाइँसरी आएको पाइन्छ । अत बसाइँसराइगरी आउने उत्गम स्थानको मानिसमात्र नआइ सामाजिक सांस्कृतिक पक्षहरु पनि सँगसगै गन्तब्य स्थान छनौटमा विविध कारण रहेको पाइन्छ जसलाइ तलको तलिकाद्वारा प्रस्तुत गरीएको छ ।

**तालिका न. ४.१: बसाइँसरी आउनेहरुको स्थानगत वर्गीकरण**

| बसाइँ सरी आउनेको स्थानगत विवरण | घरधुरी संङख्या | प्रतिशत |
|---|---|---|
| तमानखोला गाउँपालिका | १६ | २५.८० |
| ढोरपाटन नगरपालिका | २८ | ४५.१६ |
| निसीखोला गाउँपालिका | १४ | २२.५८ |
| बडिगाड गाउँपालिका | २ | ३.२२ |
| अन्य म्याग्दी बसाइ | २ | ३.२२ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँटबजारमा बसाइँसराइगरी आउनेहरु मध्ये ढोरपाटन नगरपालिका भित्रबाटै फाँट बजारमा बसाइँसरी आउनेको सङ्ख्या घरधुरी संङ्ख्या बसै भन्दा बढि हुनुको कारण फाँट बजारको विकासको संरचनाको आधारमा प्रत्यक्ष सहभाति र आफ्नो पुर्खोली सम्पति, आफ्नै सामुदायको समान हैसियत तथा वर्ग मिल्ने व्यापार व्यवसाय लगायतको सेवा सुविधा अन्य ग्रामीण भेगको मानिसलाई उपलब्ध गराइ आफ्नो पेशा तथा व्यवसायलाई थप सफल बनाउने उद्देश्यले ४५.१६१ प्रतिशत घरधुरी बसाइँसराइ गरी आएको पाइन्छ ।

तमानखोला भौगालिक विकटका साथै शिक्षा, स्वास्थ्य, यातायातको राम्रो सेवा सुविधा नभएको कारण आफ्नो बालबालिकालाई निजी बिद्यालय, यातायात स्वास्थ्य लगाएतको सेबा सुबिधाको उपभोगको लागि तमानखोलाबाट ढोरपाटन नगरपालिका फाँट बजारमा २५.८० प्रतिशत घरधुरी बसाइँसरी आएको पाइन्छ । निसीखोलाबाट धेरै जसो घरधुरी रोजगारीको सिलसिलामा ढोरपाटन नगरपालिकाबाट निसीखोला आवत जावत गर्न कठिन हुने र आफ्नोदेखि टाढा भएर बस्नु पर्ने भएको कारणलेसँगै बस्ने र अन्य अतिरिक्त आम्दानीका कृयाकलापका साथ साथै आफ्नो बालबालिकालाई अतिरिक्त कृयाकलापमा समाबेस गर्नको लागि २२.५८ प्रतिशतघरधुरी निसीखोला गाउँपालिकाबाट ढोरपाटन नगरपालिकामा बसाइँसरी आएको पाइन्छ । बढिगाड गाउँपालिकाबाट आफन्त नातेदारको कारण उनीहरुको सामाजिक तथा साँस्कृतिक काममा सहजता हुने भएकोले ३.२२ प्रतिशत घरधुरीको बसाइँसराइ गरी आएको पाइन्छ । सबै भण्डा कम म्याग्दी जिल्लाको रुमबाट ३.२२ प्रतिशत घरधुरी मात्र स्थायीरुपमा बसाइँसरी आउनुको कारण उनीहरु मित्री तथा ठेक्का पट्टाको कामको सिलसिलामा काम गर्दै गर्दा विवाह गरी स्थायी रुपमा बसाइँसराइ गरेको पाइन्छ ।

### ४.१.२ उत्तरदाताको पारिवारिक आकार

परिवारको आकारलाइ बसाइँसराइको महत्वपुर्ण पक्षको रुपमा लिन सकिन्छ । सामान्यतया एकल तथा सानो आकारको परिवारले सेवासुविधामा बडी सहजता पाउने अवसर हुन्छ भने संयूक्त परिवारले अर्थात ठुलो आकारको परिवारले सेवासुविधा कम पाउने हुन सक्छ । परिवारले ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसराइ गरी आएका घरधुरीमा परिवारको सदस्यको आकार के कति छन भनेर तलको तालिकाद्वारा प्रस्तुत गरिएका छ ।

**तालिका न. ४.२ : पारिवारिक आकार**

| परिवारको आकार | घरधुरी संङ्ख्या |
|---|---|
| ७ जना सदस्य भएको | ४ |
| ६ जना सदस्य भएको | १६ |
| ५ जना सदस्य भएको | १८ |
| ४ जना सदस्य भएको | १६ |
| ३ जना सदस्य भएको | ६ |
| २ जना सदस्य भएको | २ |
| **जम्मा** | **६२** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

जनसख्याको आकारको कारणले पनि बसाइँसराइमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । ढोरपाटन नगरपालिका फाँट बजारमा बसाइँसरी आएका मध्ये सबैभन्दा बढि १८ घरधुरीमा ५ जना भएको पाइयो । यहाँ एकल परिवारको कारणले बसाइँसराइमा सहजता भएको पाइन्छ । ६ जना सदस्य र ४ सदस्य भएको १६ घर जुन बराबर भएको पाइयो भने ३ जना सदस्य भएको ६ घर, ७ जना सदस्य भएको ४ घर र सबै भन्दा कम २ घरधुरीमा २ जना सदस्य रहेको पाइन्छ । सानो तथा एकल परिवारको बसाइँसराइको कारण गुणस्तरीय शिक्षा तथा अन्य सेवा सुविधाको उपभोगको आकारले निर्धारण गर्ने भएकोले पनि बसाइँसराइको कारण मानिन्छ ।

### ४.१.३ जातजाति तथा धार्मीक बर्गीकरण

जात हिन्दु वर्णव्यवस्थामा आधारित समुह जात हो भने आफ्नै मौलिक संस्कृति भाषा थातथलो भएको जनसांख्कि समुहलाई जाति भनिन्छ । जातजाति तथा धर्मीक कारण बसाइँसराइ महत्वपुर्ण पक्षको रुपमा लिन सकिन्छ । ढोरपाटन नगरपालिका १ फाँटबजारमा बसाइँसरी आउने विभिन्न जातजाति तथा धार्मीक सामुदायहहरु बसाइँसरी आएको पाइन्छ । ढोरपाटन नगरपालिका १ बुर्तिबाङ फाँट बजारमा बसाइँसरी आएको विभिन्न जातजाति मध्ये ब्राह्मण जातिको बाहुल्यता भएता पनि यस अध्ययन क्षेत्रमा मगर, कामी, दमाइ जातिले पनि हिन्दु धर्म अबलम्वन गरेको पाइन्छ । जनजाति गुरुङहरुले भने

बौद्ध धर्म अबलम्वन गरेको पाइन्छ  जसलाई विभिन्न तहमा बर्गीकरण गरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका न. ४.३: जातजाति तथा धार्मिक बर्गीकरण**

| **जात /जाति** | **धर्म** | **घरधुरी संङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| ब्राम्हण | हिन्दु | १६ | २५.८० |
| क्षेत्री | हिन्दु | १४ | २२.५८ |
| मगर | हिन्दु | १४ | २२.५८ |
| गुरुङ | बैद्ध | ६ | ९.६८ |
| कामी | हिन्दु | १० | १६.१२ |
| दमाइ | हिन्दु | २ | ३.२२ |
| | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

स्थायी रुपमा बसाइँसरी गरी आएकामध्ये सबैभन्दा धेरै ब्राम्हण जाति रहेको पाइन्छ किनकि ब्राम्हण जातिले आफ्नो शक्ति र सत्ताको साथै सामाजिक स्तरको वा हैसियतको  कारणले पनि आफ्नै सामुदायमा  आफ्नो धर्म तथा जातको कारणले बसाइँसराइ गरेको पाइन्छ । किनकि आफ्नो नातागोता र भौगोलिक दुरीको हिसाबले नजिक हुने हुँदा २२.५८ प्रतिशत घरधुरीको बसाइँसरी आएको पाइन्छ । त्यस्तै कामी जाति ग्रामीण भेगमा कृषि गरेर जीवन यापन गर्न कठिन र सदाबहार रोजगार नपाइने भएपछि सहरमा रोजगार पाउने र आफ्नो बालबालिकालाई राम्रो शिक्षा दिनको लागि १६.१२ प्रतिशत घरधुरीको बसाइँसराइ रहेको पाइन्छ । गुरुङ जातिहरु ९.६ प्रतिशत मात्रै बसाइँसराइ गर्नुको कारण प्रायः परिवारनै विदेश जाने र जनसङ्ख्या वृद्धि  पनि कम मात्रामा हुने भएकोले यहाँका गुरुङहरुको जनसङ्ख्या कम भएको बताउँछन । सबैभन्दा कम घरधुरी संङ्ख्यामा  दमाई जाति ३.२२ प्रतिशत बसाइँसराइ गर्नुको कारण आफ्नो व्यावसायलाई  प्रबर्द्धन उच्च सामाजिक स्तर तथा बर्गको हैसियत कायम गर्नको लागि र सुरक्षा सामाजिक मान प्रतिस्पर्धाको कारण बुर्तिबाङ बजारको फाँट बजार मुख्य केन्द्रमा बसाइँसराइ गरेको पाइन्छ ।

ढोरपाटन नगरपालिका १ बुर्तिबाङको फाँट बजारमा बसाइँसराइ गरी आउनेहरुमा मुख्यतया हिन्दु धर्म अबलम्बन गर्ने मानिसहरु बसाइँसराइ गरी आउनुको कारण आफ्नो धर्म चाडपर्व

रीतिरिवाजमा समानता साँस्कृतिक एकरुपता रहेको पाइन्छ जहाँ ९०.३२ प्रतिशत घरधुरी बाहुल्यता पाइन्छ । बौद्ध धर्म अबलम्बल गर्नेहरु फाँट बजारमा बसाइँसराइ गर्नुको कारण आफ्नो धर्मको संरक्षण तथा परम्मपरागत रुपमा मान्दै आएको धर्मको संरक्षण तथा अस्तित्व जगेर्ना कायम राख्न तथा अन्य धर्मलम्वीसँगको पारस्पारिक सम्बन्ध स्थापित गर्नको लागि ९.६८ प्रतिशत घरधरीको बसाइँसराइ गरेको पाइन्छ ।

### ४.१.४ परिवारमुलिको पेशागत तथा शैक्षिक विवरण

मानवजीवनको मुख्य जीविकोपार्जनको आधार पेशा हो । ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा स्थायीरुपमा बसाइँसराइ गरी आएका विभिन्न पेशा जस्तै व्यापार व्यवसाय सेबा लगायतको ६ वटा पेशामा वर्गीकरण गरिएको छ भने शिक्षालाई मानव समाजको महत्वपूर्ण पक्षको रुपमा लिइएको छ । स्थायीरुपमा बसाइँसरी आएका परिवारमुलिको शैक्षिक स्तरलाइ ६ वटा तहमा विभाजन गरी बसाइँसराइ सामाजिक, आर्थिक सांस्कृतिक लगायतको समग्र पक्षमा महत्वपूर्ण भूमिका रहेको छ । ढोरपाटन नगरपालिका १ बुर्तिबाङ, फाँट बजारमा बसाइँसरी आएको घरमुलिको पेशागत तथा शैक्षिक बर्गीकरण गरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका न. ४.४ परिवारमुलिको पेशागत तथा शैक्षिक विवरण**

| पेशा | घरधुरी | प्रतिशत | शैक्षिक तह | घरमुलि | प्रतिशत |
|---|---|---|---|---|---|
| व्यापार | ३२ | ५१.६१ | निरक्षर | ४ | ६.४५ |
| जागिर | ७ | ११.२९ | साक्षर | ६ | ९.६७ |
| कृषि | ८ | १२.९ | आधारभुत तह | १६ | २५.८० |
| ठेक्का पट्टा | ५ | ८ | माध्यमिक तह | ३० | ४८.३८ |
| बिदेश | ६ | ९.६७ | स्तानक | ४ | ६.४५ |
| अन्य पेशा | ४ | ६.४५ | स्नातकोत्तर | २ | ३.२२ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा घरधुरीको विभिन्न पेशा मध्ये सबै भन्दा धेरै. ५१.६१ प्रतिशत रहेको पाइयो । किनकि यो क्षेत्र व्यापार व्यवसाय पेशाको लागि सहज

रहेकोले यो पेशा अपनाइएको पाइन्छ । जिविको पर्जनको मुख्य स्रोत जागिर पेशा अपनाएको घरमुलि ११.२९ प्रतिशत रहेको पाइन्छ । त्यस्तै कृषि पेशामा आधारित १२.९ प्रतिशत .रहेका छन् भने ठेक्का पट्टामा ८ प्रतिशत वैदेशिक रोजगारमा ९.६७ प्रतिशत  र कुनै पनि पेशा नगरेको ६.४५ प्रतिशत रहेको पाइन्छ ।

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा स्थायी रुपमा बसाइँसरी आएका घरमुलिहरुको शैक्षिक विवरणको ब्याख्या तथा विश्लेषण गर्दा सबैभन्दा बढि माध्यामिक तह उर्तीण गरेका घरमुलि ४८.३८ प्रतिशत रहेका पाइयो साथसाथै सामान्य साक्षर अथवा लेखपढ गर्न सक्ने घरमुली ६जना अर्थात् ९.६७ प्रतिशत रहेको पाइयो भने कत्तिपनि लेखपढ गर्न नजान्ने अर्थात् निरक्षर घरमुली ४ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी स्नातक तह पास गर्ने घरमुलि पनि ४ जना अर्थात् ६.४५ प्रतिशत रहेको पाइयो भने स्नातकोत्तर अध्ययन गर्ने २ जना अर्थात् ३.२२ प्रतिशत  घरधुरी रहेका पाइन्छन् । यसर्थ शिक्षा, रोजगार लगायत अन्य सुखसुविधाको लागि उक्त क्षेत्रका मानिसहरु बसाइँसराइ गरेको यस अध्ययनबाट पाइन्छ ।

### ४.१.५ घरमुलि, परिवारको लैङ्गिक तथा उमेरगत विवरण

परिवारमुलिको तथा परिवारको उमेर र लैङ्गीक कारणले  नेपाली समाजको आर्थिक, सामाजिक पक्षमा जन्मदेखि मृत्युसम्म परिवारमुलि केन्द्रित रहेको हुन्छ । बसाइँसराइको गति र घरमुलिको उमेर लैङ्गीक आवस्थाले महत्वपुर्ण भुमिका खेलेको हुन्छ भने कुनै पनि समाजको बसाइँसराइमा परिवारको उमेर र लिङ्गलाई महत्वपुर्ण पक्षको रुपमा लिन सकिन्छ । उमेरको अन्तर महिला पुरुष जस्ता पक्षले बसाइँसराइको कारणको रुपमा लिन सकिन्छ ।  यस अनुसार ५ वटा उमेरको तहमा विभाजन गरी कुन उमेर समुह को कसको, के कस्तो अवस्था र कारणको रुपमा ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारममा विभिन्न उद्धेश्यले स्थायीरुपमा बसाइँसरी गरी आएका घरमुलि र परिवारको लैङ्गिक तथा उमेरगत विवरणको वर्गीकरण तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका न. ४.५:घरमुलि, परिवारको लैङ्गिक तथा उमेरगत वर्गीकरण**

| घरमुलि उमेर | म. | पु. | जम्मा | प्रतिशत | परिवार उमेर | म. | पु. | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ देखि ३९ | ४ | २ | ६ | ९.६७ | १ देखि १४ | १४ | ८ | २२ | ८.२७ |
| ४० देखि ४९ | ४ | १८ | २२ | ३५.४८ | १५ देखि २९ | ४८ | ६० | १०८ | ४०.६० |
| ५० देखि ५९ | ४ | १४ | १८ | २९.०३ | ३० देखि ४४ | ३८ | ३० | ६८ | २४.४३ |
| ६० देखि ६९ | २ | १४ | १६ | २५.८० | ४५ देखि ५९ | २० | २२ | ४२ | १५.७८ |
| ६० देखि माथि | ० | ० | ० | ० | ६० देखि माथि | १४ | १२ | २६ | ७.७७ |
| **जम्मा** | **१४** | **४८** | **६२** | **१००** | **जम्मा** | **१३४** | **१३२** | **२६६** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

प्रस्तुत तालिका अनुसार ढोरपाटन नगरपालिका बुर्तिबाङ फँट बजारमा बसाइँसराइ गरी आएका मध्ये सबै भन्दा धेरै पुरुषहरु घरमुलि भएको पाइन्छ । ४० देखि ४९ बर्ष उमेर समुहको घरधुरी सबै भन्दा बढी ३५ प्रतिशत आर्थिक रुपमा सक्रिय रहेको पाइन्छ । त्यस्तै २६ देखि ३९ बर्ष उमेर समुहको घरमुलि संङ्ख्या सबै भन्दा कमि ९ प्रतिशत हुनुको कारण यो उमेर समुहमा विभिन्न ग्लोबलरुपमा अध्ययन अनुसन्धान ब्यावसायको लागि विभिन्न ठाउँमा अस्थायीरुपमा बसाइँसराइका कारण पनि यो उमेर समुहको स्थायीरुपमा बसाइँसराइ कम रहेको पाइन्छ । ५० देखि ५९ बर्ष उमेर समुहको २९ प्रतिशत रहेको पाइन्छ । ६० देखि माथि गरिएका रुपमा निस्क्रीय र सामाजिक रुपमा सक्रिय उमेर समुहको घरमुलि नरहेको पाइन्छ । यस कारण यो उमेर समुहको धेरै संङ्ख्या गाउँमै रहेको आकलन गर्न सकिन्छ ।

जनसङ्ख्या कुनै पनि निश्चित समयमा निश्चित भुगोलमा बसोबास गर्ने मानिसहरुको जम्मा वा कुल संङ्ख्यालाई जनाउँछ । भुगोल अनुसार बसोबास गर्ने बालकालिका, युबा वयस्क तथा जेष्ठ नागरीकको कुल संङ्ख्या उक्त स्थानको जनसङ्ख्या हो । जनसांङ्खिक आकारले बसाइँसराइको तालिका अनुसार १५ देखि २९ बर्ष उमेर समुहका जनसङ्ख्या सबै भन्दा बढि ४०.६० प्रतिशत हुनुको कारण बिधार्थी व्यापार तथा अन्य पेशामा आबद्ध भएको कारणले पनि सबै भन्दा बढी यो उमेर समुहको मानिस बढि रहेको पाइन्छ । सबै भन्दा कम ६० बर्ष देखि माथिका ७.७७ प्रतिशत हुनुको कारण यो उमेर समुहका मानिसहरु गाउँमा नै रहेको कारणले उक्त उमेरको मानिस कम भएको पाइन्छ । परिवारमा ३० देखि ४४ बर्ष उमेर समुहको जनसङ्ख्या २४.४३ प्रतिशत रहेको

पाइन्छ भने ४५ देखि ५९ बर्ष उमेर समुहको १५ प्रतिशत  र १ देखि १४ बर्ष सम्मको जनसङ्ख्या ८.२७ प्रतिशत  रहेको पाइन्छ जसले जन जनसङ्ख्या बृद्धि दर कम भएको पाइन्छ ।

### ४.१.६ परिवारको शैक्षिक तथा पेशागत वर्गीकरण

शिक्षा मानव समाजको महत्वपुर्ण पक्षको रुपमा लिइन्छ । ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा स्थायीरुपमा बसाइँसरी आएका मानिसमा शैक्षिक अवस्थाले बसाइँसराइको सामाजिक, आर्थिक, सांस्कृतिक लगायतको समग्र पक्षमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने मानवजीवनको मुख्य जिविकोपार्जनको आधार पेशा हो । ढोरपाटन नगरपालिका १ बुर्तिबाङ फाँट बजारमा स्थायीरुपमा बसाइँसराइ गरी आएका परिवारको शैक्षिक बर्गीकरण र विभिन्न पेशा जस्तै व्यापार व्यवसाय सेवा गृहणी बिधार्थी लगायतको ६ वटा तहमा परिवारको शैक्षिक बर्गीकरण र पेशाको वर्गीकरणगरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तलिका नं. ४.६: परिवारको शैक्षिक तथा पेशागत बर्गीकरण**

| **शैक्षिक तह** | **म.** | **पु.** | **जम्मा** | **प्रतिशत** | **पेशा** | **म.** | **पु.** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|
| निरक्षर | १० | ० | १० | ३.७५ | व्यापार | २८ | ३६ | ६४ | २४.०६ |
| १ देखि ९ सम्म | ५२ | २८ | ८० | ३०.०७ | जागिर | १४ | १८ | ३२ | १२.०३ |
| एसएलसि | २० | ५६ | ७६ | २८.५७ | गृहणी | २२ | ० | २२ | ८.२७ |
| १२ पास | ३२ | ३४ | ६६ | २४.८१ | बिद्यार्थी | ४० | ४४ | ८४ | ३१.५७ |
| स्नातक पास | ८ | २० | २८ | १०.५२ | वैदेशिक रोजगार | २० | ६ | २६ | ९.७७ |
| स्नाकोत्तर पास | २ | ४ | ६ | २.२५ | अन्य | १६ | २२ | ३८ | १४.२८ |
| **जम्मा** | **१२४** | **१४२** | **२६६** | **१००** | **जम्मा** | **१४०** | **१२६** | **२६६** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

माथिको तालिकाबाट ढोरपाटन नगरपालिका १ बुर्तिबाङ फाँट बजारमा स्थायीरुपमा बसाइँसरी आएका परिवारको शैक्षिक बिवरणको अध्ययन गर्दा सबै भन्दा बढि ३०.०७ प्रतिशत साक्षरदेखि काक्षा ९ सम्म अध्ययन गरेको पाइयो । यस कारण ग्रामीण भेगमा शिक्षाको पछौटेपन गरिवी बाल विवाह जस्ता कारणले सबै भन्दा बढिमा माध्यमिक तह

भन्दा माथि अध्ययननगरेको पाइन्छ तर शिक्षाले बसाइँसराइमा महत्वपूर्ण भमिका खेलेको हुन्छ प्राय अशिक्षित र अनपद मानिसहरुको स्थायी बसाइँसराइ न्यून गतिमा रहेको हुन्छ । सवै भन्दा कम २.२५ प्रतिशतले स्नातकोत्तर तहको शिक्षा हासिल गरेको कारण ग्रामीण भेगमा उच्च शिक्षाको लागि बिद्यालय नहुनु र घरदेखि बाहिर गएर अध्ययन गर्नको लागि आर्थिक अवस्था कमजोर हुनुको कारण पनि र माध्यमिक शिक्षा हासिल गरिसके पछि परिवारको अन्य सदस्य वा भाइ बहिनीलाई पनि पढाउनु पर्ने कारणको जेष्ठ सदस्यले जागिर तथा अन्य आर्थिक आयआर्जनको काम गर्नुपर्ने भएको कारण पनि यो तहमा सबै भन्दा कम रहेको पाइन्छ । एस.एलसि.पास गरेको २८.५७ प्रतिशत, १२ पास गरेको २४.८१ प्रतिशत र .१०.५२ प्रतिशतले स्नातक पास गरेको पाइन्छ ।

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा विभिन्न पेशामा आवद्ध मानिसहरुको सर्बेक्षण अनुसार सबैभन्दा बढि ३१ प्रतिशत बिधार्थी रहेको पाइन्छ । किनकि अधिकसं मानिसहरु निजी तथा सरकारी गुणस्तरीय शिक्षा उच्च शिक्षाको लागि धेरै जसो घरधुरीहरुको बसाइँसराइ रहेको पाइन्छ भने सबै भन्दा कम ८.२७ प्रतिशत मानिसहरुले गृहणी हुनुको कारण गृहणीहरु पनि एक भन्दा बढी पेशामा आबद्ध रहेरको कारण गृहणीको जम्मा संङ्ख्यामा कमि भएको पाइन्छ । यसैगरी २४ प्रतिशत मानिसहरुले व्यापार, १४ प्रतिशत मानिसहरुले अन्य पेशा गरेको पाइन्छ । त्यस्तै जागिरमा आबद्ध मानिसहरु १२ प्रतिशत रहेको पाइन्छ र वैदेशिक रोजगारमा आबद्ध मानिसहरु ९.७७ प्रतिशत हुनुको कारण मानिसहरु व्यापार व्यवसाय तथा आफ्नै ठाउँमा स्वरोजगार बनेर आफ्नो जीवनयापन गरेको पाइन्छ ।

## ४.२ बसाइँसराइको कारण

ढोरपाटन नगरपालिका संघिय संरचना पछि २०७३ साल फागुन २७ गते स्थानियतहको रुपमा स्थापना भएको हो । ढोरपाटन नगरपालिकाको सदरमुकाम बुर्तिबाङ,फाँटबजार बाग्लुङ जिल्लाको गण्डकी प्रदेशमा अबस्थित रहेको छ । तमानखोला, भुजिखोला, निसीखोला र बढीगाड गाउँपालिकाको केन्द्र मानिने बुर्तिबाङको फाँटबजारमा व्यापार, शिक्षा, स्वास्थ्य लगायतको सेवा सुविधाको उपभोगको लागि बसाइँसराइ सामान्यरुमा भएता पनि लोकतन्त्रको स्थापना का साथै २०६३/०८/०५ को बृहत शान्ति सम्झौता प्रस्ताव तिब्र

रुपमा बसाइँसराइको गति बढेको पाइन्छ । अध्ययनको लागि आवश्यक विकासको संरचना आर्थिक, सामाजिक बिशेषता बसाइँसराइको अवस्था सामाजिक साँस्कृतिक तथा जात जातिगत विबरण धर्म, शिक्षा पेशाको वर्गीकरण गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्कहरूलाई सङ्कलन, सम्पादन र वर्गीकरण पश्चात् विभिन्न उपशीर्षकमा विभाजन गरी आवश्यकता अनुसार तालिका बनाई विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक तरिका अपनाएपनि केही मात्रामा विश्लेषणात्मक तरिकाबाट पनि प्रस्तुत गरिएकोछ । अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई तालिकाको माध्यमबाट व्याख्या तथा विश्लेषण गरिएको छ । ढोरपाटन नगरपालिकामा बसाइँसराइ गरी आउनुको कारणहरु तलको तालिकाद्वारा प्रस्तुत गरिएका छ ।

**तालिका न. ४.७: बसाइँसराइको कारणहरु**

| **बसाइँसरी आउनुको कारण** | **घरधुरी सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षा स्वास्थ्य यातायातको सहजता | ३० | ४८.४ |
| व्यवसाय | १२ | १९.३५ |
| रोजगार | १६ | २५.८० |
| कृषि | २ | ३.२२ |
| अन्य | २ | ३.२२ |
| **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

बसाइँसराइँका कारणहरुलाई बसाइँसराइँलाई प्रभाव पर्ने तत्वहरु वा बसाइँसराइँका निर्धारकहरु पनि भन्ने गरिन्छ । जनसख्याको निर्धारकहरु मध्ये बसाइँसराइँ फरक घटना रुपमा रहेको पाइन्छ । यो नितान्त व्यक्तिको इच्छा वा चाहनामा पनि भर पर्नेहुनाले यसका कारणहरु यकिन गर्न ज्यादै कठिन हुन्छ । कतिपय अवस्थामा बसाइँसराइँ एक मात्र कारणले नभइ एक भन्दा बढी कारणले पनि हुन सकदछ । बसाइँसराइँका कारणहरु ज्यादै जटिलदेखि लिएर ज्यादै सामान्य पनि हुन सक्दछन् । प्रस्तुत तालिका अनुसार बसाइँसराइका कारणहरु निम्न छन् :

### १) शिक्षा, स्वास्थ्य यातायात सहजताको कारण

ढोरपाटन नगरपालिका १ फाँट बजारमा स्थायीरुपमा बसाइँसराइ गरी आउने कारण मध्ये सबै भन्दा बढि स्वास्थ्य, शिक्षा यातायात सहजता तथा सेवा सुबिधाको लागि स्थायीरुपमा बसाइँसराइँ गरी आएको पाइन्छ । ढोरपाटन नगरपालिका एउटा नयाँ ग्रामीण सहरको रुपमास्थापित सहर मध्ये एक हो । ढोरपाटन नगरपालिका फाँट बजारमा निसिखोला, भुजिखोला र तमानखोलाको केन्द्रमा प्रशासनिक काम मालपोतको काम बैक तथा वित्तीय संस्थाको कारोबार, आफ्नो बालबालिकालाई बोर्डिङ स्कुल पढाउनको लागि स्वास्थ्य उपचारको सहजताको लागि मध्यपहाडि लोकमार्गले देसको अन्य ठूलो सहर पोखरा, बुटवल काठमाडौ जस्ता सहरमा बाह्रै महिना आवत जावतको सहजता, सुरक्षा लगायतको शिक्षा, स्वास्थ्य तथा यातायातको सहजताको कारण ४८.४ प्रतिशत मानिसहरुको बसाइँसराइ सबै भन्दा बढि रहेको पाइन्छ ।

रोजगारको अवसर सरकारी तथा गैरसरकारी सस्थामा रोजगारको क्रममा घरपरिवार सगै बस्ने तथा सामान्य बैकल्पिक आय आर्जनको पेशा जस्तै शिक्षकको ट्युसन जस्ता आम्दमी हुने र आफ्नै हैसियतवर्ग मिल्ने समुहको खोजी पनि स्थायीरुपमा बसाइँसराइ रोजगारको लागि २५.८० प्रतिशत घरधुरी रोजगारको कारण लागि बसाइँसराइ गरेको पाइन्छ ।

कृषि र अन्य पेशाको कारण सबै भन्दा कम घरधुरीको बसाइँसराइ गर्नु कारण खेती गोग्य जमिनको प्लटिङ गरी घरेडीको रुपमा हुनु कृषिको लागि आवश्यक जग्गा नहुनु जग्गा भएता पनि महगो पर्ने भएको कारणले सबै भन्दा कम मात्रामा बसाइँसरी आएको पाइन्छ ।

### २) व्यवसायीक कारण

नाफा कमाउने उदेश्यले सामानको उत्पादन खरिद र बिक्री गर्ने प्रक्रिया व्यापार हो । ढोरपाटन नगरपालिका फाँट बजारमा स्थायीरुपमा बसाइँसरी आएका १९.३५ प्रतिशत घरधुरीले व्यापार व्यावसाय गर्नकै लागि बसाइँसराइ गरेको पाइछ । ढोरपाटन नगरपालिका फाँट बजार ग्रामीण भेगका मासिहरुको दैनिक उपभोग्य बस्तु खाध्यान्न लताकपडा लगायतका ग्रामीण भेगका मानिसहरुको आवश्यकता परिपुर्तिको लागि थोक तथा खुद्रा सामानको किन बेच गर्ने र नाफा कमाउने अभिप्रायको ग्रामीण भेगको केन्द्रको कारणले पनि मानिसहरुको बसाइँसराइ गरेको पाइन्छ ।

ग्रामीण सहर ढोरपाटन फाँटबजारमा खाध्यान्न लताकपडा, होटेल रेष्टुरेन्ट अन्य सरकारी सेवा लगायतको ग्रामीण भेगमा आवस्यक सम्पूर्ण सामग्री तथा बस्तुको होलसेल तथा खुद्रा सामानको खरिद बिक्रि हुने केन्द्रको कारण व्यापार ब्यबसायको लागि तथा समाजको आवश्यकता पूरा गर्न विभिन्न ठाँउबाट स्थायीरुपमा बसाइँसराइ गरेको पाइन्छ ।

**३) रोजगार**

रोजगारको सिलसिलामा विशेष गरी शिक्षक, कर्मचारी, लगायतको पेशामा आबद्ध मानिसहरुको रोजगार क्षेत्रदेखि आवत जावत गर्न सहजता आफ्नो परिवारसँगै बालबालिकाको पढाइमा पनि सहजता अतिरिक्त आम्दानीमा सहभागी आफ्नो क्षमता तथा छनोट अनुसारको अतिरिक्त रोजगारमा सहजता हुने भएको कारणले पनि ढोरपाटन नगरपालिका १ फाँट बजारमा रोजगारको लागी स्थायीरुपमा बसाइँसराइ गरी आएको पाइन्छ ।

रोजगारको अवसर सरकारी तथा गैरसरकारी सस्थामा रोजगारको क्रममा घरपरिवार सगै बस्ने तथा सामान्य बैकल्पिक आय आर्जनको पेशा जस्तै शिक्षकको  ट्युसन जस्ता आम्दमी हुने र आफ्नै  हैसियतवर्ग मिल्ने समुहको खोजी पनि स्थायीरुपमा बसाइँसराइ रोजगारको लागि २५.८० प्रतिशत  घरधुरी रोजगारको कारण  लागि  बसाइँसराइ गरेको पाइन्छ ।

**४) कृषि**

विशेषगरी बजार क्षेत्रमा कृषि कार्यको लागि बसाइँसराइ कम मात्रामा पाइन्छ । ग्रामीण भेगमा कृषि पेशा गरेता पनि बजारको अबाव धुवानिको समस्या हुने हुदा सहरमै गएर विभिन्न तरकारी तथा फलफुलको बिरुवाको उत्पादन गरेर बजार तथा ग्रामीण  भेगमा आधुनिक तरकारी, बिउ बिजन, फलफुलको फल, बिरुवा तथा बिउको बजार तथा ग्रामीण भेगमा राम्रो बजार भएको कारणले साथै बजारमा कृषि पेशामा काम गर्ने मानिसहरुको कमि र उपभोक्ता बढि भएको कारणले पनि कृषि पेशामा ३.२२ प्रतिशत  मानिसहरुको बसाइँसराइ गरेको पाइन्छ ।

**५) अन्य**

सहरको रुपमा विकसितहुदै गर्दा गाउँमा काम नपाइने र बुर्तिबाङमा मोटर बाटोको आगमन भएसगै फाँट बजारमा सरकारी तथा ब्यक्तिगत भवन तथा घरहरुको निर्माण गर्नु पर्ने भएकोले  कामको सिलसिलामा दक्ष तथा अदक्ष श्रमिकहरुको रुपमा विभिन्न ग्रामीण भेगबाट बसाईंसराइ गरी आएको पाइन्छ । ग्रामीण भेगबाट विविध उदेश्येले, बजारमा अन्य कारणले बसाईंसरी आउने ३.२२ प्रतिशत रहेको पाइन्छ ।

## ४.३ बसाइँसराइलाई आकर्षण गर्ने तत्वहरु

ढोरपाटन नगरपालिका फाँट बजारमा बजारमा विशेष गरी मध्ये पहाडी राजमार्गको आगमन सँगै २०६३ को बृहत शान्ति सम्झौता पछि संघीयताको स्थापनासँगै नेपालको दश ओटा नमुना ग्रमिन सहरको रुपमा छनोटमा परेको सहर मध्ये यो ग्रामीण सहर पनि पर्दछ । यहाँ फाँट बजारको विभिन्न विकासको संरचना सरकारी तथा निजी सेवा सुविधा जस्तै मध्यपहाडी राजमार्गबाट जिल्ला प्रदेश र राजधानीमा आवत जावत सहजताको कारण नगरपालिका अर्न्तरगतका कार्यालय मालपोत कार्यालय, इलाका प्रशासन कार्यालय इलाका प्रहरी कार्यालय, निजी अस्पताल, बिद्यालय, बैक तथा सहकारी, एफएम जस्ता सरकारी तथा निजी सेवा सुबिधाले मानिसको आवतजावतमा सहजता व्यापार ब्यबसाय रोजगारी शिक्षा स्वास्थ्यमा सहजता सुरक्षाको कारण नै बसाइँसराइलाई आकर्षण गर्ने आधारभुत तत्वहरु हुन् । ढोरपाटन नगरपालिकाको फाँट बजारमा अबस्थित सरकारी तथा सामुदायिक सम्पदा पनि बसाइँसराइलाई  आकर्षित गने महत्वपूर्ण  आधारहरु हुन । विभिन्न सरकारी सस्था तथा सेबा प्रदायक सस्थामा सेवा लिनको लागि सहजता ग्रामीण भेगका मानिसहरु तमानखोला निसीखोला र बढीगाड गाउँपालिका मानिसहरुका जग्गाको लेन देन नागरिकता, राहदानी जस्ता कामको लागि, सरकारी तथा निजी सेवाको लागि, लताकपडा खाधान्न तथा अन्य आवस्यक सामानहरु पनि गाँउका ससाना व्यापारी तथा आम मानिसहरुको होलसेल तथा खुद्रा सामानको खरिद गर्न पनि बुर्तिवाङको शिक्षाका लागि बजारमै आउनु पर्ने भएकोले पनि यो क्षेत्रमा विशेष गरी व्यापार यातायातको तथा संचार सहजता, ढोरपाटन सिकार आरक्षमा घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकहरु पनि बुर्तिबाङहुदै जाने भएकोले होटेल तथा रेष्टुरेण्ट गर्नको लागि पनि बसाइँसराइ गरेको पाइन्छ । राजनीतिक विशेष कार्यक्रम सभा सम्मेलन, निसीभुजी र तमानको विशेष भेटघाट र सोहि क्षेत्रको मानिसहरु

काठमाडौ, पोखरा, बुटवल लगायतका स्थानमा आवत जावतगर्दा बास बस्ने स्थानीय बासिन्दालाई  बुर्तिबाङको फाँट बजार गाउँदेखि नजिकको दुरीको कारण लगायतको सेवा सुबिधाको केन्द्र भएकोले मासिसहरु बसाइँसराइलाई  आकर्षणको पक्ष मानिन्छ ।

### १) सामाजिक पक्ष

समाजलाइ विविधता प्रदान गर्ने एउता मुख्य कारक तत्व बसाइँ सराइँ पनि हो । मानिस एक ठाँउबाट अर्को ठाउँ बसाँइसराइ गर्दा आफुमात्र नगइ उसको धर्म संस्कृति मुल्यमातन्यता लगायतका गुणहरु पनिसँगै सर्ने गरेको पाइन्छ जसबाट मिश्रित समाजको बिकास भएको पाइन्छ । समाजमा हुने विविध गतिशिलता सामाजिक चासो र सहयात्रा बढ्ने गरेको पाइन्छ । सामाजिक कारण अन्तर्गत शिक्षा स्वास्थ्य, विवाह आदि पर्दछन् । मानिस सामान्यतया राम्रो शिक्षा प्राप्त गर्न सकिने स्थानमा बसाइँसरी जान चाहन्छ । त्यसैगरी स्वास्थ्यसेवा सुविधाका अभाव भएको क्षेत्रबाट स्वास्थ्यसेवा सुविधा प्राप्त गर्न सकिने स्थानमा वासस्थान परिवर्तन गर्न चाहन्छ । त्यसैगरी विवाह एक सामाजिक संस्कार हो । विवाहको कारणले पनि प्रत्येक समाजमा बसाइँसराइ हुने गर्दछ । महिलाहरु विवाहको कारणले आफ्नो जन्म स्थान वा अक्सर बसोबास गरेको स्थान छोडी आफ्नो पतिको बासस्थान भएको ठाउँमा बसाइँ सर्दछन् । त्यसैगरी पारिवारिक मनमुटाव वा झैंझगडा, सामाजिक सुरक्षाको अभाव आदि जस्ता सामाजिक कारणहरुले पनि मानिस बसाइँ सर्न बाध्य हुन्छन्

### २)    आर्थिक पक्ष

बसाइँसराइलाई प्रभाव पार्ने महत्वपूर्ण कारकका रुपमा आर्थिक कारणहरुलाई लिने गरिन्छ । नेपाल जस्तो कम विकसित मुलुकहरुमा अधिकांश बसाइँसराइँ आर्थिक कारणले नै हुने गर्दछन् । मानिस आफू बसोबास गरिरहेको ठाउँ भन्दा अन्य ठाउँमा बढी आर्थिक उन्नति वा प्रगति हुने सम्भावना देखेमा मानिस त्यस स्थानतिर वासस्थान परिवर्तन गर्ने गर्दछ । यस स्थानमा गरिबी, वेरोजगारी, जमिनको अभाव, यातायात तथा सञ्चारको असुविधा आदि जस्ता आर्थिक कारणहरुले मानिसलाई अन्य स्थानमा सर्न बाध्य पार्दछन् भने गन्तव्य स्थानका रोजगारीको सुविधा, शहरीकरण, औद्योगीकरण, जमिनको उपलब्धता, यातायात तथा सञ्चारको सुविधाका साथै पैसाले सामान्यतया गाँउमा भन्दा विविध सेवा सुविधा किनेर उपभोग गर्न पाइने हुनाले  मानिसलाई आकर्षित गर्दछन् । गाउँबाट शहरमा,

साना शहरी क्षेत्रबाट ठूलो शहरहरुमा त्यसैगरी कम विकसित मुलुकहरुबाट विकसित मुलुकहरुमा हुने बसाइँसराइँको प्रमुख कारण दुई स्थानबीचको आर्थिक असमानता हो ।

### ३) राजनीतिक पक्ष

मानव समाजमा विभिन्न आस्था र विचार भएको मानिसहरुको बसोबास रहेको हुन्छ जसले सामाजिक तथा राजनीतिक गतिविधिहरुसँग सम्वन्ध स्थापना गरेको पाइन्छ, कारणले पनि बसाइँसराइँ हुने गर्दछ । मानिसमा हुने राजनीतिक चेतनाको कारण समाजलाइ गतिशील बनाउन मद्धत पुऱ्याउँछ । मानिस समान साजनितिक चेतना भएका मानिसहरु सँगै बस्न रुचाउने स्वभाव भएको कारण पनि बसाइँसराइ गरेको पाइन्छ ।राज्यले लिएको नीतिको कारण बसाइँसराइँ प्रभावित हुने गर्दछ । राज्यले बसाइँसराइँलाई प्रोत्साहन गर्ने नीति लिएको छ भने बसाइँसराइ प्रक्रिया तीव्र हुन्छभने बसाइँसराइँलाई नियन्त्रण गर्ने नीति अवलम्बन गरेको छ भने बसाइँसराइँ पनि कम हुने गर्दछ । त्यसै गरी जुन स्थानमा राजनैतिक अस्थिरता वा असुरक्षा हुन्छ त्यो स्थानबाट अन्य स्थानमा बसाइँसराइँ हुने गर्दछ । राजनीतिक कारणले अन्तर्राष्ट्रिय बसाइँसराइँ पनि हुने गर्दछ । देशमा राजनीतिक अस्थिरता, भेदभावपूर्ण नीति आदि कारणले एक देशबाट अर्को देशमा बसाइँ सर्ने र शरणार्थीको रुपमा बासस्थान परिवर्तन हुने गर्दछ । यसको प्रत्यक्ष उदाहरणमा नेपालमा शरणार्थीको रुपमा जीवन विताइरहेका भुटानी शरणार्थीहरुलाई लिन सकिन्छ ।

### ४) जनसाङ्ख्यिक पक्ष

जुन स्थानमा जनसख्याको चाप वा जनघनत्व बढी हुन्छ त्यस ठाउँबाट मानिसहरु कम जनघनत्व भएका क्षेत्रतिर बसाइँ सर्दछन् । बढी जनसख्याको चाप भएका क्षेत्रमा खाद्यान्नको अभाव, सेवा सुविधाको अपर्याप्तता, वातावरणीय प्रदूषण आदि विषम परिस्थिति रहेन हुनाले सहज परिस्थितिको खोजीमा मानिसहरु अन्यत्र बसाइँ सर्ने गर्दछन् । तर नेपालको सन्दर्भमा सेवा सुविधाहरु शहर र तराई केन्द्रित भएका हुनाले कम जनघनत्व भएका ग्रामीण, हिमाली तथा पहाडी क्षेत्रबाट शहरी तथा तराई क्षेत्रमा बसाइँसराइहुने गरेको पाइन्छ ।

### ५) वातावरणीय पक्ष

मानिसको जीवन र वातावरण बिच गादा सम्बन्ध रहेको हुन्छ । अनुकुल वातावारण बिना मानिसको जीवन कठिन हुन्छ, वातावरण मानिस बाच्ने आधार हो ।  वातावरणले मानिसका

दैनिकि तथा स्वस्थ्य जीवनशैलिमा प्रभाव पार्दछ जसको कारणले पनि बसाइँसराइँ हुने गर्दछ । आफू बसेको बासस्थानमा भएको खराब वातावरण, कम उब्जाउ जमिन, भौगोलिक दुर्गमता वा विषमताका साथै बाढिपहिरो, भूकम्प, ज्वालामुखी जस्ता प्राकृतिक प्रकोपका कारणले पनि मानिस आफ्नो अनुकुल वातावरणको खोजीमा मानिसहरु एक ठाउँ छोडेर अर्को ठाउँमा बसाइँ सराई गरेको पाइन्छ ।

## ६) धार्मिक पक्ष

बसाइँसराइँ धार्मिक कारणले पनि हुने गर्दछ । विभिन्न धार्मिक आस्था राख्ने मानिसहरु आफ्नो धार्मिक स्थलको वरिपरि बसाइँ सर्न रुचाउँछन् जस्तै नेपालको सन्दर्भमा काठमाडौंको पशुपतिनाथ क्षेत्र, त्रिवेणी, लुम्बिनी, देवघाट आदि धार्मिक स्थलवरिपरि बसाइँ सर्नु धार्मिक कारण मान्न सकिन्छ । नेपाल धर्म निरपेक्ष देश हो । विविध धर्म परम्परा रितिरिवाजले नै धार्मीक सहिष्णुता कायम गरी एक अर्कामा पारस्पारिक सदभावको आधारमा बसाइँसराइमा धार्मीक पक्षले सहता तथा पारस्पारिक सु सम्वन्ध स्थापना गरेको पाइन्छ ।

# अध्याय पाँच : सामाजिक तथा आर्थिक प्रभाव

आवधिक बसाइँ-सराइ नगरेको जनसंख्या कुल जनसंख्याको ९३.४७ प्रतिशत छ। यसरी जनसंख्याको करिब ६.५३ प्रतिशत जनसंख्याले आवधिक बसाइँ-सराइ गरेको देखिन्छ। आवधिक बसाइँ-सराइ नगरेको जनसंख्या कर्णाली प्रदेशमा सबैभन्दा धेरै अर्थात सो प्रदेशको जनसंख्याको ९८.१३ प्रतिशत र वाग्मतीमा सबैभन्दा थोरै अर्थात् करिब ८८.०२ प्रतिशत रहेको छ। नेपालमा आवधिक बसाइँ-सराइ गरी विदेशबाट आएको जनसंख्या नेपालको जनसंख्याको २.२१ प्रतिशत रहेको छ। अर्थात् ६ लाख ४१ हजार २० व्यक्तिको यस अगाडिको बसोबास विदेशमा रहेको देखिन्छ (राष्ट्रिय श्रम प्रतिस्ठान, २०६६) । यसैगरी यस अध्यायमा अध्ययन क्षेत्रको रुपमा लिइएको ढोरपाटन क्षेत्रमा बसाइँसरी आउने मानिसहरुको सामाजिक एवं आर्थिक अवस्था कस्तो छ ? उनीहरुलाई बसाई सर्नुको कारण के हो ? साथसाथै बसाइँसराइ पश्चात् उनीहरुको जीवनस्तरमा के कस्तो वृद्धि भयो भन्ने तथ्यहरु उल्लेख गरिएको छ ।

## ५.१ सामाजिक प्रभाव

ढोरपाटन नगरपालिका बुर्तिबाङ फाँट बजारमा स्थायीरुपमा बसाइँसरी आएको मानिसहरुमा स्वयम व्यक्ति समाज र संघसस्था बिचको आपसी सम्बन्धमा आएको परिवर्तन नै सामाजिक प्रभाव हो । बसाइँसराइको प्रभावले सक्रिय जनसख्याको वृद्धि स्रोतसाधनको अधिकतम परिचालनले सकारात्मक प्रतिस्पर्धामा वद्धि भइ विभिन्न क्रियाकलाबको गुणस्तरीयतामा वृद्धिका साथै मिश्रीत वसाइँ हुँदा सामाजिक विभेदको घतेको भएको पाइन्छ । सामाजिक तथा धार्मिक सहभागीतामा आधुनिकताको प्रभाव बढेको छ । बसाइँसराइ प्रसाद सामाजिक समानता अर्थात विभिन्न जातजाति बिचको असमानता कम भएको पाइन्छ । मिश्रित सामाजले पारस्पारिक सम्बन्ध स्थापना भएको पाइन्छ । एकातिर समाजमा बढ्दो जनसांङ्खिक चापले वातावरण प्रदुषण तथा नदि नालाको सुन्दरता स्वच्छता घटेका छ । अर्कातिर दक्ष तथा अदक्ष श्रमिकको लागि रोजगारमा बृद्धि भएको पाइन्छ ।

## ५.१.२ सवारी साधन तथा अतिरिक्त क्रियाकलापमा परेको प्रभाव

बसाइँसराइले सवारी साधन तथा अतिरिक्त क्रियाकलापमा परेको प्रभावबालबालिकाको शिक्षा तथा अतिरिक्त क्रियाकलापमा सकारात्मक तथा नकारात्मक प्रभाव पारेको हुन्छ । सवारी साधनको प्रभावले मानवजिवनमा महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । मानिसहरु आवत जावतको सुविधाको लागि कस्तो प्रकारको सवारी साधनकको छनोट गर्दछन । बसाइँसराइ पछि सवारी साधनको प्रयोगमा के कस्तो सकरात्मक तथा नकरात्मक प्रभाव तथा के कति घरधुरीले सवारी साधनको सुविधा लिए बसाइँसराइले विविध समाजको अन्तरघुलनसँगै सकरात्मक प्रतिस्पर्धामा बृद्धि भइ खेलकुद, गीत सँगीत लगायतको विविध क्रियाकलापहरुको बर्गीकरण गरी बसाइँसराइले सवारी साधन तथा अतिरिक्त क्रियाकलापमा के कस्तो प्रभाव पारेको छ ? प्रस्तुत विवरणलाइ विविधरुपमा बर्गीकरण गरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१: सवारी साधन तथा अतिरिक्त क्रियाकलापमा परेको प्रभाव**

| सवारी साधनको प्रकार | घरधुरी संङ्ख्या | प्रतिशत | अतिरिक्त क्रियाकलाप | घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|
| बाइक,स्कुटर | ३६ | ५८.०६ | खेलकुद | १८ | २९.०३ |
| साइकल | २ | ३.२२ | नाच | ११ | १७.७१ |
| गाडी | १२ | १९.३५ | सँगीत | ८ | १२.९० |
| अन्य | २ | ३.२२ | अन्य | १५ | २४.१९ |
| कुनै पनि प्रयोग नगरेको | १० | १६.१२ | सहभागिता नभएको | १० | १६.६६ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसराइ गरी आउने घरधुरीमा सवारी साधनको प्रयोग मध्ये सबै भन्दा बढिमा बाइक स्कुटरको प्रयोग गरेको पाइन्छ । किनकि युबाहरुमा बाइक तथा स्कुटरको सोखिन तथा आवत जावत गर्नको लागि र व्यापार व्यवसायको लागि पनि बाइक तथा स्कुटरको प्रयोग गर्ने आवश्यक रहेकोले यो सख्या ५८.०६ प्रतिशत रहेको पाइन्छ । सबै भन्दा कम ३ प्रतिशत घरधुरीले साइकाल अन्य सवारी साधनको प्रयोग गरेको पाइयो । कुनै पनि सवारी साधन प्रयोग नगरेको १६ प्रतिशत घरधुरी रहेको पाइन्छ ।

त्यस्तैगरी बालबालिका खेलकुदमा बढि सक्रिय हुनुको कारण निजी बिद्यालयमा खेलकुद शिक्षकरको ब्यबस्था हुनु र स्वास्थ्यको लागि पनि खेलकुद र खेल क्षेत्रबाट विभिन्न ठाउँमा आफ्ने परिचय साथै प्रतिस्ठा हुने कारणले खेलकुदमा सबै भन्दा बढि २९.०३ प्रतिशत बालबालिकाको सहभागिता भएको पाइन्छ । सँगीतमा सबै भन्दा कम हुनुको कारण उक्त क्षेत्रमा सँगीतको वातावरण र परम्परागत रुपमा गाइने यानिमाया, सालैजो तथा दोहोरी गीतको बारेका बालबालिकालाई  सिकाउन नसक्नु र बालबालिका  विभिन्न सामाजिक सञ्जालबाट मिडियाबाट आधुनिक पुस्ताको नक्कल मात्र गर्ने तर आफ्ने माटो तथा समाजको बास्तबिकताहरुको पहिचानमा कमि, सँगीतमय वातावरणको कमि हुनुको कारण पनि सँगीतमा १२.९० प्रतिशत सबै भन्दा कम बालबालिकाको सहभागिता भएको पाइन्छ । विभिन्न क्षेत्रमा २४ १९ प्रतिशत र कुनैपनि क्रियाकलापमा सहभागी नभएको १६.६ प्रतिशत रहेको पाइन्छ ।

### ५.१.३ वैवाहिक सम्वन्ध एवं जेष्ठ नागरिकमा परेको प्रभाव

वैवाहिक पद्धतिले बसाइँसराइमा नयाँ समाज संरचनाको आधार तयार पारेको हुन्छ ।  नयाँ सम्बन्धको स्थापनासँगै समाजमा सकरात्मक एवं नकरात्मक के-कस्तो प्रभाब पारेको छ बसाइँसराइ पछिको नयाँ संरचनाको समाज निर्माणसँगै समाजमा आफ्नो छोरा वा छोरीको वैवाहिक सम्बन्धमा अविभावकको के कस्तो प्रतिक्रिया र प्रभाव रहेको छ ? वैवाहिक सम्वन्ध प्रणाली तथा  जेष्ठ नागरिकमा सामान्यतया आफु बसिरहेको स्थानदेखि बासस्थान परिवर्तन गर्दा अनुकुल वा प्रतिकुल कस्तो प्रभाव रह्यो ? बसाइँसराइले वैवाहिक सम्वन्ध प्रणली तथा जेष्ठ नागरीकको आफ्नो स्वास्थ्य उपचार यातायातको सेवा सुविधा उपभोग गरेर खुसि ब्यक्त गरे वा नयाँ वातावरणमा के कस्तो महसुस गरे भन्ने बिषयमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका नं. ५.२: वैवाहिक सम्वन्ध प्रणाली तथा  जेष्ठ नागरिकमा परेको प्रभाव**

| अन्तरजातिय विवाह | घरधुरी संङ्ख्या | प्रतिशत | प्रभाव | घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|
| स्वीकार गर्ने | ४८ | ७७.४१ | खुसी | ५० | ८०.४१ |
| अस्वीकार गर्ने | १४ | २२.५८ | असहज | १२ | १९.५७ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

बसाइँसराइसँगै सामाजिक संसचना जातजातिगत तहमा पनि परिवर्तन आएको पाइन्छ । तसर्थ आफ्नो छोरा वा छोरीले फरक जात जातिसँग विवाह गरे स्वीकार गर्ने घरधुरी ७७.४१ प्रतिशत रहेको पाइन्छ । यसले के देखाउँछ भने बसाइँसराइ पूर्व गाउँमा नकारात्मक सामाजिक मुल्य मान्यता र रुढिबादी परम्परामा परिवर्तन भएर हाल समान दृष्टीको धारणाको विकास भएको पाइन्छ । अतः पुरानै मुल्य मान्यता मान्ने २२.५८ प्रतिशत घरधुरीले आफ्ने छोरा वा छोरीको फरक जात जात जातिसँगको विवाह अस्वीकार वा आफ्नै जातिमा विवाह प्रणाली भए सामाजिक तथा आर्थिक रुपमा संकट नआउने बताएको पाइन्छ ।

प्रस्तुत तालिकाबाट आफ्नो प्रतिस्थाका साथै स्वास्थ्य उपचार, यातायातको सहजता लगायतको विभिन्न सेवा सुबिधाको उपभोग गर्न पाउँदा ८०.४१ प्रतिशत घरधुरी सबै भन्दा बढि घरधुरीमा सामाजिक हैसियतको प्रभावले खुसि रहेको पाइन्छ । बजारको कोलाहल वातारणमा गाँउको जस्तो स्च्छ वातावरण तथा ताजा खाना नहुने र सहरको ब्यस्त जीवन यापनले पारिवारिक माहोल पनि ब्यस्त हुने भएकोले समय बिताउन पनि कठिन तथा बातावरण प्रदुषणको प्रभावले १९.५७ प्रतिशत घरधुरीका जेष्ठ नागरिकहरुको दैनिकी असहज रहेको पाइन्छ ।

### ५.१.४ स्वास्थ्य तथा सार्वजनिक अन्तरक्रियामा पारेको प्रभाव

स्वास्थ्य एक मानवजिवनको महत्वपुर्ण पक्ष हो । सामान्यतया आर्थिक, सामाजिक, वातावरणीय लगायतको पक्षहरुले मानिव जिवनमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसराइ पछि स्वास्थ्य उपचारमा के कस्तो प्रभाव परेको छ । सराइँसराइले एक सामाजिक संरचना अर्को परिवेशमा जादा उक्त स्थानको नीतिनियम सरकारी तथा गैरसरकारी संस्थाद्वारा आर्थिक, सामाजिक, राजनीतिक लगायतका पक्षहरुले ब्यक्तिलाई समाजप्रतिको जिम्मेवारी र अधिकारप्रतिको अपनत्व गराउछ जसले ब्यक्तित्व विकासको साथै समाजको विकासमा गहन भुमिका राखेको हुन्छ । बसाइँसराइ पछि स्वास्थ्य तथा सार्बजनिक अन्तरक्रियामा सकरात्मक वा नकरात्मक के कस्तो प्रभाव परेको छ ? विविध तहमा बर्गीकरण गरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

### तालिका न. ५.३: स्वास्थ्य एवं सार्वजनिक अन्तरक्रियामा पारेको प्रभाव

| स्वास्थ्यमा प्रभाव | घरधुरी संङ्ख्या | प्रतिशत | सहभागी | घरधुरी संङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| सरकारी | ३५ | ५६.४५ | सक्रिय | ३० | ४८.३८ |
| निजी | १५ | २४.१९ | ठीकै | १६ | २५.८० |
| धामी झाक्री | ३ | ४.८३ | पहिले जस्तै | १० | १६.१२ |
| संयुक्त | ९ | १४.५१ | सहभागी छैन | ६ | ९.६७७ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाईँसराइ गरी आएका मानिसहरुको स्वास्थ्य उपचार पद्धतिमा परिर्तन आएको पाइन्छ । परम्परागतरुपमा गाउँमा हुँदा धेरै जस्तो मानिसहरुले धामी झाक्री जस्तो अन्धविश्वासमा धेरै घरधुरीले विश्वास गरी परम्परागत उपचार पद्धति अपनाइएता पनि हाल बसाईँसराइको प्रभावले सबै भन्दा बढि ५६.४५ प्रतिशत घरधुरी सरकारी स्वास्थ्य सस्थामा उपचार सेवा लिएको पाइन्छ । यस प्रभाव स्वास्थ्य बिमाको प्रभावले गर्दा सरल र आर्थिक सहजता हुने भएकोले पनि सरकारी स्वास्थ्य सस्था नै स्वास्थ्यउपचार पद्धतिको रुपमा सेवा लिइएको पाइन्छ। सरकारी स्वास्थ्य सस्थामा प्रक्रिया ढिला र झन्भटिलो हुनुको कारणले निजी स्वास्थ्यसस्थामा २४.१९ प्रतिशत घरधुरीमा प्रभाव  परेको पाइन्छ । त्यस्तै सबै सेबा लिने अर्थात संयुक्त उपचार पद्धति अपनाउने १४.५१ प्रतिशत घरधुरीमा परम्परागत रुपमा चल्दै आएको धामी झाक्री र आधुनिक पद्धतिको प्रभाव रहेको पाइन्छ भने ४.८३ प्रतिशत घरधुरीले बिशेष रुपमा धामी झाक्रीको प्रभाव रहेको पाइन्छ।

बसाईँसराइको प्रभावले गर्दा सार्वजनिक अर्न्तक्रियामा सक्रिय सहभागी हुने घरधुरी सबै भन्दा बढी कुल घरधुरीको ४८.३८ प्रतिशत रहेको पाइन्छ । घरधुरी बसाईँसराइ पुर्व सामाजिक काममा कति पनि सक्रिय नभएको वडासम्मको पैंचो पनि थिएन तर बसाईँसराइ पछि विभिन्न संघ सस्था समुहमा आबद्ध भएको हुनाले सामाजिक तथा संस्थागत काममा सक्रियता भएर वडा अध्यक्षसम्म भएको पाइन्छ। सबै भन्दा कम अर्थात् सहभागी नहुने ९ प्रतिशत घरधुरी रहेको छन। यसैगरी ठिकै  अर्थात् मध्यम सामान्य तया सहभागी हुने तर सक्रियता नभएको २५ प्रतिशत  घरधुरी रहेको पाइन्छ । बसाईँसराइ पछि र हाल कुनै फरक नभएको १६ प्रतिशत घरधुरी रहेको पाइन्छ।

### ५.१.५ कपडा किन्ने प्रचलनमा परेको प्रभाव

बसाइँसराइले मानिसहरुको सांस्कृतिक परिवर्तनसँगै लवाइ खुवाइ आनिबानी, वोलिचालि जस्ता सामाजिक, सांस्कृतिक विविध पक्षमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा प्रभाव पारेको हुन्छ । जस मध्ये कपडा किन्ने प्रचलनमा के कस्तो प्रभाव परेको छ विविध तहगतरुपमा तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका न. ५.४: बसाइँसराइ र लत्ताकपडा किन्ने प्रचलनमा परेको प्रभाव**

| कपडा किन्ने प्रचलन | घरधुरी पहिले | प्रतिशत | घरधुरी अहिले | प्रतिशत |
|---|---|---|---|---|
| चाड पर्वमा | ३४ | ५५.४५ | १२ | १९.३५ |
| मौसम अनुसार | १५ | २४.१९ | १० | १६.१२ |
| फेसन अनुसार | १३ | २०.९६ | ४० | ६४.५१ |
| **जम्मा** | **६२** | **१००** | **६२** | **१००** |

स्रोत : स्थलगत अध्ययन- २०७९

ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसरी आएका घरधुरीको नयाँ कपडा किन्ने प्रलोभनमा सबै भन्दा बढि ५५.४५ प्रतिशत घरधुरीले चाडपर्वमा कपडा किन्ने प्रचलन रहेको पाइयो । मौसम अनुसार कपडा किन्ने २४.१९ प्रतिशत घरधुरी रहेको पाइन्छ । शहरी बसाइ खर्चिलो तथा फेसन अनुसार कपडा किन्ने प्रचलन २०.९६ प्रतिशत घरधुरीमा रहेको पाइन्छ । बाहिरी प्रभाव, देखासिकी यसका कारणहरु हुन भने यसबाट आर्थिक रुपमा परिवारलाई दवाव परेको देखिन्छ भने बसाइँसराइ पछि हाल फेसन अनुसार कपडा किन्ने प्रचलन सबै भन्दा बढि ६४ प्रतिशत घरधुरी रहेको पाइन्छ यसले आम्दानीका र खर्च दुबैमा वृद्धि भएको देखाउँछ । चाडपर्वमा कपडा किन्ने प्रचलन १९.३५ प्रतिशत रहेको पाइन्छ । मौसम अनुसार कपडा किन्ने प्रचलन १६. १२ प्रतिशत घरधुरी रहेको पाइन्छ ।

## ५.२ आर्थिक प्रभाव

नेपालमा बसाइँसराइको अबस्था मुख्यगरी बैदेशी रोजगारको लागी गएको पाइन्छ । राष्ट्रिय जनगणना २०११ को तथ्याङ्क अनुसार ५० प्रतिशत घरधुरी बैदेशीक रोजगारमा आवद्ध वा बैदेशिक रोजगारबाट फर्किएको पाइन्छ । बसाइँसराइले सुष्म तथा बृहतरुपमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । नेपालको बसाइँसराइ रेमिटान्ससँग भएकोले नेपालको

अर्थतन्त्र पारिवारको आर्थिक बृद्धि शिक्षा, स्वाथ्यमा प्रगति खाद्य सुरक्षा लगायतको पक्षहरुमा सकरात्मक सुधार भएको पाइन्छ । मानिस आफू बसोबास गरिरहेको ठाउँ भन्दा अन्य ठाउँमा बढी आर्थिक उन्नति वा प्रगति हुने सम्भावना देखेमा मानिस त्यस स्थानतिर वासस्थान परिवर्तन गर्ने गर्दछ । यस स्थानमा, मानव विकास रोजगारी, जमिनको उपलब्धता यातायात तथा सञ्चारको असुविधा आदि जस्ता आर्थिक प्रभाले बसाइँसराइमा प्रतक्षरुममा प्रभाव रहेको हुन्छ गाउँबाट शहरमा, साना शहरी क्षेत्रबाट ठूलो शहरहरुमा त्यसैगरी कम विकसित मुलुकहरुबाट विकसित मुलुकहरुमा हुने बसाइँसराईले दुई स्थानबीचको आर्थिक असमानताको प्रभाव परेको हुन्छ ।

आर्थिक पक्षलाई बसाइँसराइको मेरुदन्डकोरुपमा लिन सकिन्छ । बसाइँसराइ पछि समस्या पर्दा ऋण वा सापटि लिने प्रचलन संस्था वा आफन्त छनोटमा के कस्तो प्रभाव रहेको छ तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

### ५.२.१ ऋण लिने चलन तथा बैकल्पिक आम्दानीको स्रोत

आर्थिक पक्षलाई बसाइँसराइको मेरुदण्डकोरुपमा लिन सकिन्छ । आफुलाइ समस्या पर्दा ऋण वा सापटि लिने प्रचलन बैक वा आफन्त, छिमेकी  छनोटमा के कस्तो प्रभाव रहेको छ, साथै बैकल्पिक आम्दानीको स्रोत विभिन्न पेशाहरु पशुपंक्षी तथा कृषि पालन, कृषि मौसमी व्यापार  जागिर व्यापार व्यवसाय लगायतको बैकल्पिक पेशागत विधिकरण रहेको पाइन्छ भने ऋण लिने चलन तथा बैकल्पिक आम्दानीको स्रोत बसाइँसराइलाई प्रभाव पर्ने महत्वपूर्ण पक्षको रुपमा लिइन्छ । बसाइँसराइ पछि ऋण लिने चलन र बैकल्पिक आम्दानीको स्रोतमा परेको विभिन्न प्रभावलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएका छ ।

**तालिका न. ५.५: ऋण लिने चलन तथा बैकल्पिक आम्दानीको स्रोत**

| **ऋणलिने चलन** | **घरधुरी** | **प्रतिशत** | **वैकल्पिक आम्दानीको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| आफन्त | १५ | २४.१९ | पशुपंक्षी पालन र कृषि | २० | ३२.३५ |
| छिमेकी | १२ | १९.३५ | मौसमी व्यापार | ९ | १४.५१ |
| बैक तथा सहकारी | ३० | ५३.४५ | पसल | ७ | ११.२९ |
| अन्य | ५ | ३.१ | वैकल्पिक आम्दानी नभएको | २८ | ४४.४१ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

प्रस्तुत तालिका अनुसार जम्मा ६२ घरधुरी मध्ये सबैभन्दा बढी ऋण  लिने प्रचलन बैंक तथा सहकारीमा बढि ५३.४५ प्रतिशत  घरधुरी रहेको पाइन्छ । यो प्रक्रिया बसाइँसराइको प्रभावले गर्दा विविन्न सहकारीमा बचत सामुहिक सँगठन मार्फत सकरात्मक परिवर्तन भएको पाइन्छ । सबैभन्दा कम मात्रामा अन्य क्षेत्रबाट ऋण  लिने प्रचलन ३.१ प्रतिशत घरधुरीमा रहेको पाइन्छ । आफन्तसँगबाट ऋण लिने प्रचलन २४.१९ प्रतिशत  घरधुरी रहेको पाइन्छ । यसले आफन्त नातेदारसँगको सम्बन्ध परम्परागत स्थिति जस्तै स्थिर रहेको पाइन्छ । त्यस्तै छिमेकीबाट ऋण लिने प्रचलन १९.३५ प्रतिशत  घरधुरीहरु रहेको पाइन्छ । सामान्यतया छिमेकमिा आपत बिपत तथा अन्य काममा पारस्पारिक संबन्ध रहेको पाइन्छ  ।

प्रस्तुत तालिका अनुसार वैकल्पिक आम्दानीका नभएको घरधुरी कुल घरधुरीको ४४.४१ प्रतिशत रहेको पाइन्छ भने सबै भन्दा कम पसल ११.२९  प्रतिशत, मौसमी व्यापार व्यवसाय १४.५१ प्रतिशत, पशुपक्षित तथा कृषिबाट वैकल्पिक आम्दानीको  स्रोत ३२.३५ प्रतिशत घरधुरी रहेको पाइन्छ । समग्रमा  गाउँमा रहँदा वैकल्पिक आम्दानीको स्रोत सबैको भएता पनि हाल एकल आम्दानीको अर्थात वैकल्पिक आम्दानीको स्रोत नभएको घरधुरी बढेको पाइन्छ ।

### ५.२.२ आम्दानीको मुख्य स्रोत र खर्च

बसाइँसराइ पछि मुख्य आम्दानीको स्रोतहरु जस्तै विभिन्न पेशाहरु, जागिर, व्यापार, व्यवसाय लगायतको पेशागत विधिकरण रहेको पाइन्छ । आम्दानीको स्रोत बसाइँसराइलाइ प्रभाव पर्ने महत्वपूर्ण पक्षको रुपमा लिइन्छ । पारिवारको मुख्य खर्चले शिक्षा, स्वास्थ्य लगायतको पक्ष हरुमा सकारात्मक वा नकारात्मक के कस्तो प्रभाव पारेको छ र बसाइँसराइ पछि परिवारको मुख्यरुपमा खर्चहुने विभिन्न शिक्षा, स्वास्थ्य, लत्ताकपडा र अन्य शीर्षक मध्ये कुन शीर्षकमा कति घरधुरीको खर्च तथा प्रभाव रहेको छ, आम्दानीको मुख्य स्रोत र खर्च विचको सन्तुलनले नै सकरात्मक तथा नकरात्मक प्रभाव परेको हुन्छ, अतः उक्त विविध विवरणलाइ बर्गीकरण गरी तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका न. ५.६: आम्दानीको मुख्य स्रोत र खर्च**

| मुख्य आम्दानी | घरधुरी | प्रतिशत | मुख्य खर्च | घरधुरी | प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि | ८ | १२.९० | शिक्षा | ३४ | ५४.८३ |
| जागिर | १९ | ३०.६४ | स्वास्थ्य | ११ | १७.८० |
| व्यापार | १५ | २४.१९ | लत्ता कपडा | १३ | २०.९६ |
| वैदेशिक रोजगार | १४ | २२.५८ | खाद्यान्न | २ | ३.२२ |
| अन्य | ६ | ९.६७ | अन्य | २ | ३.२२ |
| **जम्मा** | **६२** | **१००** | **जम्मा** | **६२** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

प्रस्तुत तालिका अनुसार सबै भन्दा बढी ३०.६४ प्रतिशत घरधुरीको मुख्य आम्दानीको स्रोत जागिरको कारणले बसाइँसराइमा प्रभाव रहेको पाइन्छ। यसले परिवारको सबै सदस्य एकै ठाउँमा बस्न प्रभाव पारेको देखिन्छ । सबैभन्दा कम घरधुरी संङ्ख्याको मुख्य आम्दानीको स्रोत अन्य क्षेत्रबाट ९.६७ प्रतिशत रहेको पाइन्छ जस अनुसार मिस्त्री ज्यामी लगायतको अन्य काम गरेर पनि स्थायीरुपमा बसाइँसराइ गरेको सबै भन्दा कम मात्रामा पाइन्छ। व्यापार मुख्य आम्दानीको स्रोत हुने घरधुरी २४.१९ प्रतिशत रहेको पाइन्छ। पहिले ग्रामीण भेगमा रहदा कृषि पेशाले प्रयाप्त घर खर्च नभए पछि बसाइँसराइ पछि व्यापार व्यवसाय गरेको पाइन्छ । वैदेशिक रोजगार मुख्य आम्दानीको स्रोत हुने घरधुरी २२.५८ प्रतिशत रहेको पाइन्छ यसले के देखाउँछ भने बसाइँसरी आएका मानिसहरु आफ्नै ठाउँमा आय आर्जनको काम गरी बसेको र कम मात्रामा वैदेशिक रोजगारमा रहेको पाइन्छ। त्यस्तै कृषि मुख्य आम्दानीको स्रोत भएको घरधुरी संङ्ख्या १२.९० प्रतिशत रहेको पाइन्छ। यसका असरहरुमा ग्रामीण भेगमा कृषि पेशामा आबद्ध समग्र घरधुरी बजारमा प्रयाप्त जग्गाको अभाव र जग्गाको मुल्य पनि महङ्गो भएकोले कृषि पेशामा आधारित घरधुरी पनि कम मात्रामा रहेको पाइन्छ।

सामान्यतया बसाइँसराइ पहिले परिवारको मुख्यरुपमा खर्च हुने ठाउँ खानपिन विभिन्न चाड पर्व जस्ता सामाजिक तथा साँस्कृतिक कार्यमा बढि खर्च हुन्थ्यो । तर हाल परिवारको खर्च हुने मुख्य ठाउँ शिक्षा रहेको पाइन्छ । यो बसाइँसराइले ल्याएको परिवर्तन हो । जहाँ सबै भन्दा बढि घरधुरी ५४.८३ प्रतिशतको मुख्यरुपमा शिक्षामा खर्च भएको पाइयो । सबै भन्दा

कम घरधुरीको अन्य क्षेत्रमा खर्च ६.४५ प्रतिशत भएको पाइन्छ भने स्वास्थ्यमा १७.८० प्रतिशत घरधुरी र लत्ताकपडामा २०.९६ प्रतिशत घरधुरीको मुख्य खर्च रहेको पाइन्छ ।

### ५.२.३ जनसाङ्खिक प्रभाव

कुनै पनि समाजको बसाईँसराइमा परिवारको उमेर र लिङ्गलाई महत्वपुर्ण पक्षको रुपमा लिन सकिन्छ। उमेरको अन्तर महिला पुरुष जस्ता पक्षले बसाइँसराइमा प्रभाव पारेको हुन्छ। अनुसार ५ वटा उमेरको तहमा विभाजन गरी कुन उमेर समुह को के कस्तो प्रभाव पारेको छ ? तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न.५.७ : जनसाङ्खिक प्रभाव**

| उमेर समुह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ देखि १४ | १४ | ८ | २२ | ८.२७ |
| १५ देखि २९ | ४८ | ६० | १०८ | ४०.६० |
| ३० देखि ४४ | ३८ | ३० | ६८ | २४.४३ |
| ४५ देखि ५९ | २० | २२ | ४२ | १५.७८ |
| ६० देखि माथि | १४ | १२ | २६ | ७.७७ |
| **जम्मा** | **१३४** | **१३२** | **२६६** | **१००** |

*स्रोत : स्थलगत अध्ययन- २०७९ ।*

जनसङ्ख्या भन्नाले कुनै पनि समयमा निश्चित भुगोलमा बसोबास गर्ने मानिसहरुको जम्मा वा कुल संङ्ख्यालाई जनाउँछ । भुगोलमा बसोबास गर्ने बालवालिका, युबा वयस्क तथा जेष्ठ नागरिकको कुल संङ्ख्या उक्त स्थानको जनसङ्ख्या हो । ढोरपाटन नगरपालिका फाँट बजारमा बसाइँसराइले विभिन्न जनसङ्ख्यीय प्रभाव पारेको पाइन्छ। जनसांङ्खिक आकारले बसाइँसराइमा महत्वपूर्ण राख्दछ । प्रस्तुत तालिका अनुसार १५ देखि २९ बर्ष उमेर समुहका जनसङ्ख्या सबै भन्दा बढि ४०.६० प्रतिशत हुनुको कारण बिधार्थी व्यापार तथा अन्य पेशामा आबद्ध भएको कारणले पनि सबै भन्दा बढि यो उमेर समुहको मानिस बढि रहेको पाइन्छ । सबै भन्दा कम ६० बर्षदेखि माथिका ७.७७ प्रतिशत हुनुको कारण यो उमेर समुहका मानिसहरु गाउँमा रहेको कारणले उक्त उमेरको मानिस कम भएको पाइन्छ। परिवारमा ३० देखि ४४ बर्ष उमेर समुहको जनसङ्ख्या २४.४३ प्रतिशत रहेको पाइन्छ

भने ४५ देखि ५९ बर्ष उमेर समुहको १५ प्रतिशत  र १ देखि १४ बर्षसम्मको जनसङ्ख्या ८.२७ प्रतिशत  रहेको पाइन्छ यसले जन्मदर कमि आएको पाइन्छ ।

बसाइँसराइ  र सहरीकरण २१ औ शताब्दीको जनसाङ्ख्यीक बिशेषता महत्वपूर्ण पक्ष हो । बसाइँसराइले शिक्षा स्वास्थ्य यातायात वातावरण लगायतको विभिन्न क्षेत्रमा सकारात्मक तथा नकारात्मक प्रभाव पारेको पाइन्छ । शिक्षामा निजी तथा सरकारी बिद्यालय, स्वास्थ्य यातायात सरकारी तथा बैकिङ सेवा, भौतिक तथा सामाजिक क्षेत्रमा शिक्षामा संङ्ख्यात्मक तथा गुणत्मक सुधार भएको पाइन्छ । बढ्ढो जनसङ्ख्याको चापले बजारको विकास निर्माणको योजना सामाजिक संरचनामा जस्तै अस्पतालको सेवा बढाउने क्याम्पस तथा कलेजको भौतिक निर्मानण तथा गुणस्तरमा थप वृद्धि भएको पाइन्छ । सेवा सुबिधाको विकाससगै ग्रामीण सहर शिक्षाका बजारमा बसाइँसराइको प्रभावले जनसङ्ख्या तिब्र गतिमा वृद्धि भइरहेको पाइन्छ । ग्रामीण क्षेत्रको सहरसँगको निर्भरता बढेसँगै ग्रामीण क्षेत्रबाट बसाइँसरी आउने मानिसहरुको चाप पनि अधिक हुन्छ ।

सामान्तया ग्रामीण क्षेत्रको तुलनामा अधिक आम्दानीका शिक्षा, स्वास्थ्य, यातायात साधन, कलकारखाना तथा उधोगधन्दाको विकास आदि प्रभावले गर्दा यो क्षेत्र प्रदुषण भएको पाइन्छ । बसाइँसराइ पछि मानिसहरु ब्यस्त हुने हुँदा एक आपसमा औपचारिक किसिमको मात्र सम्बन्ध मात्र रहेको पाइन्छ । मानिसहरुको आवत जावतको भिडभाड हुने क्षेत्रहरुमा फोहोर ब्यबस्थापन सार्बजनिक शौचालय पैदलमार्गको अभाव र वातावरणीय प्रदुषण सार्बजनिक पानी धारा, पाटी, पौवा बालमैत्री खेलमैदान जेष्ठ नागरिकलाई घुमफीर गर्ने ठाउँको कमि र ब्यबस्थापन नभएकोले यी क्षेत्रहरु नकारात्मक प्रभाव परेको पाइन्छ ।

# अध्याय छ : सारांश र निष्कर्ष

## ६.१ सारांश

ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसरी आउनुको विभिन्न कारणहरु रहेको पाइन्छ । मानिसहरु विभिन्न अवसरहरुको तथा सेवा सुबिधाको खोजीमा बसाइँसरी आउने क्रम निरन्तर छ । यस ठाउँमा मुख्य गरी बसाइँसराइ  गरी आउनेहरुको अवलोकन गर्दा ग्रामीण भेगमा सेवा सुबिधाको अभाब तथा रोजगारको अभावको कारणले नयाँ युवाहरुमा बेरोजगार सृजना गरेको छ । उनीहरुले कृषि गर्न रुचाउदैनन् यस प्रमाण स्वरुप रोजगारको खोजीमा बाहिरिने देखिएको छ । आर्थिक क्रियाकलापको हिसाबले खर्च गर्ने विभिन्न माध्यमहरु बढ्दो छ तर आम्दानीको श्रोत सिमित मात्रामा हुन्छन् । अतः मानिस रोजगार तथा थप आय आर्जनको खोजीमा विभिन्न ठाउँबाट बसाइँसरी आएको पाइन्छ । आफ्नै गाउँमा स-सानो जागिर गरेतापनि (शिक्षक, पसल) आदि क्रियाकलापहरु गरेर बसेतापनि बालबालिकाको शिक्षाको गुणस्तर तथा अन्य आवस्यक  सेवा सुबिधा पैसाले किन्न पाइने हुनाले बसाइँसरी आएको पाइन्छ ।

युवा पुस्ता परम्परागत पेशा गर्न नरुचाउने पनि बेरोजगार सिर्जना गर्ने र रोजगारको खोजीमा बसाइँसराइ गरेको पाइन्छ । विशेषगरी गाउँमा लेक र बेसी गरी दुई भागको भौगोलिक अवस्था अनुसार लेकबाट बसाइँसराइ गरेको पाइन्छ जुन निम्न आर्थिक स्तर भएका परिवारहरु पर्दछन् । उक्त क्षेत्रमा आधारभुत शिक्षा, स्वास्थ्य, यातायातको पहुँच नभएको कारणले कृषियोग्य जमिन किनेर आफ्नो जिविकोपार्जन, स्वास्थ्य, शिक्षा, यातायात सजिलै पहुँच भएको स्थानमा बसाइँसरी आउँछन् भने तराई जाने मानिसहरुले पनि थप सेवा सुविधा तथा अवसरको उपभोग हासिल गरेको पाइन्छ । यस स्थानको बौद्धिक तथा सम्पन्न व्यक्तिहरुको बसाइँसराइले सबैलाई  प्रभाव  पारेको देखिन्छ । मानिसहरु बसाइँसराइ नगरेको भए गाउँको विकासमा थप टेवा पुग्ने छ । युवा विद्यार्थीहरु विदेश जाने र स्वास्थ्य उच्च शिक्षा लिनको लागि धेरैजसो परिवारहरु बसाइँसराइ गरी आएको पाइन्छ । यो तथ्याङ्क विश्लेषण गर्दा लाग्छ कि निकट भविष्यमा खर्चको आकार अझै फराकिलो हुँदै जाने र आम्दानीको आकार सिमित हुनेहुँदा फेरी गाउँनै फर्केर आउने आकंलन गर्न सकिन्छ ।

यो अध्ययनलाई  मुख्यतया छ ओटा अध्याय र विभिन्न उपशीर्षकमा विभाजन गरी तयार पारेको यस अध्ययन सम्पन्न भएको छ । अबधारणात्मक समीक्षा सैद्धान्तिक समीक्षा विश्व्यापीकरण सिद्धान्त र बसाइँसराइ आधुनिकरण सिद्धान्त र बसाइँसराइ ब्यवहारिक समीक्षा र साहित्यिक समीक्षाको निष्कर्ष समावेस गरिएको छ । बसाइँसराइ गरी आउनुको कारण बसाइँसराइ बसाइँसराइलाई आकर्षण गर्ने तत्वहरु बसाइँसराइ र परिवारको आकार बसाइँसरी आएको मानिसहरुको जन्मस्थलको वर्गीकरण जातजातिगत वर्गीकरण धार्मिक वर्गीकरणमुलिको शैक्षिक वर्गीकरण घरमुलिको पेशागत वर्गीकरण उमेरगत वर्गीकरण परिवारको जनसाङ्ख्यिकी अवस्था परिवारको शैक्षिक आबस्था र परिवारको पेशागत वर्गीकरणलाई समाबेस गरिएको छ । यसका सामाजिक प्रभाव अतिरिक्ति क्रियाकलापमा परेको प्रभाव बसाइँसराइ  पछि सवारी साधनमा परेको प्रभाव अन्तरजातिय विवाह प्रतिको धारणा जेष्ठ नागरिकमा परेको प्रभाव स्वास्थ्यमा परेको प्रभाव बसाइँसराइ पछि लताकपडा किन्ने प्रचलन सार्बजनिक अन्तरक्रियामा परेको प्रभाव आर्थिक प्रभावको खर्चमा परेको प्रभाव बसाइँसराइ पछि मुख्य आम्दानीको स्रोत वैकल्पिक आम्दानीको स्रोत र बसाइँसराइले जनसाङ्ख्यिकी क्षेत्रमा पारेको प्रभावलाई ब्याख्या तथा बिश्लेषण गरिएको छ ।

बसाइँसराइ गर्नुको मुख्य कारणहरु के के थियो ? बसाइँसराइले सामाजिक, आर्थिक पक्षमा कस्तो प्रभाव पारेको छ ? भन्ने जिज्ञासा मेटाउन बसाइँसराइ गरी आउनुको कारण खोजी गर्ने र बसाइँसराइले सामाजिक, आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने उद्देश्य लिई ढोरपाटन नगरपालिका वडा नं.१ बुर्तिवाङ, फाँटबजारलाई अध्ययन क्षेत्र छनौट गरी उद्देश्यमुलक नमुना छनौट गरी कूल ६२ घरधुरीका घरमुलीलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । सङ्कलित कोरा तथ्याङ्कलाई व्यवस्थित गरी माइक्रोसफ्ट एक्सल प्रोग्रामबाट तालिकाको प्रकृति अनुसार तालिकीकरण, वर्गीकरण र विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरी गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाइ विश्लेषण गरिएको छ । यस शोध अध्ययनका मुख्य प्राप्तीहरू यस प्रकार रहेका छन् :

**मुख्य प्राप्तीहरु**

- बसाइँसराइको प्रभावले गर्दा सार्वजनिक अन्तरक्रियामा सक्रिय सहभागी हुने घरधुरी सबै भन्दा बढी ४८.३८ प्रतिशत  रहेको पाइयो ।

- घरधुरी बसाइँसराइ पूर्व सामाजिक काममा कति पनि  सक्रिय नभएको वडा सम्मको पहुँच पनि थिएन तर बसाइँसराइ पछि विभिन्न संघ सस्था समुहमा आबद्ध भएको हुनाले सामाजिक तथा संस्थागत काममा सक्रियता भएर वडा अध्यक्षसम्म भएको र सामाजिक सक्रियता बढेको पाइयो ।
- सबै भन्दा कम अर्थात सहभागी नहुने ९ प्रतिशत  घरधुरी रहेको छन जहा आफ्नो ब्यस्तता र इच्छा नलागेको कारणले सहभागी नभएको पाइन्छ । यसैगरी ठिकै  अर्थात मध्यम सामान्य तया सहभागी हुने तर क्रियता नभएको २५ प्रतिशत  घरधुरी रहेको पाइन्छ ।  बसाइँसराइ पछि र  हाल कुनै फरक नभएको १६ प्रतिशत  घरधुरी रहेको पाइयो ।
- ढोरपाटन नगरपालिका १ फाँट बजारमा बसाइँसरी आएका घरधुरीको नयाँ कपडा किन्ने प्रलोभनमा सबै भन्दा बढि ५६.४५ प्रतिशत घरधुरीले चाड पर्वमा कपडा किन्ने प्रचलन रहेको पाइयो । मौसम अनुसार कपडा किन्ने २४.१९ प्रतिशत  घरधुरी रहेको पाइयो । फेसन अनुसार कापडा किन्ने प्रचलन २०.९६ प्रतिशत  घरधुरीमा रहेको पाइयो ।
- सबै भन्दा बढी ३०.६४ प्रतिशत  घरधुरीको मुख्य आम्दानीको स्रोत जागिरको कारणले बसाइँसराइमा प्रभाव रहेको पाइयो । सबैभन्दा कम घरधुरी संङ्ख्याको मुख्य आम्दानीको स्रोत अन्य क्षेत्रबाट ९.६७ प्रतिशत  रहेको पाइन्छ ।
- व्यापार मुख्य आम्दानीको स्रोत हुने घरधुरी २४.१९ प्रतिशत रहेको पाइयो । पहिले ग्रामीण भेगमा रहदा कृषि पेशाले प्रयाप्त घर खर्च नभए पछि बसाइँसराइ पछि व्यापार व्यवसाय गरेको पाइन्छ । बैदेसिक रोजगार मुख्य आम्दानीको  स्रोत हुने घरधुरी २२.५८ प्रतिशत रहेको पाइयो ।
- त्यस्तै कृषि मुख्य आम्दानीको स्रोत भएको घरधुरी संङ्ख्या १२.९० प्रतिशत रहेको पाइन्छ ग्रामीण भेगमा कृषि पेशामा आबद्ध समग्र घरधुरी बजारमा पर्याप्त जग्गाको अभाव र जग्गाको मुल्य पनि महगो भएकोले कृषि पेशामा आधारीत घरधुरी पनि कम मात्रामा रहेको पाइयो ।
- ग्रामीण शहर ढोरपाटन फाँटबजारमा खाध्यान्न लताकपडा, होटेल रेष्टुरेण्ट अन्य सरकारी सेवा लगायतको ग्रामीण भेगमा आवस्यक सम्पूर्ण सामग्री तथा बस्तुको

होलसेल तथा खुद्रा सामानको खरिद बिक्रि हुने केन्द्रको कारण व्यापार ब्यबसायको लागि १९ प्रतिशत घरधुरीको स्थायीरुपमा बसाइँसराइ गरेको पाइयो ।


- सबै भन्दा बढि बालबालिका खेलकुदमा सक्रिय हुनुको कारण निजी बिद्यालयमा खेलकुद शिक्षकको ब्यबस्था हुनु र स्वास्थ्यको लागि पनि खेलकुद र खेल क्षेत्रबाट विभिन्न ठाउँमा आफ्ने परिचय साथै प्रतिस्ठा हुने कारणले खेलकुदमा सबै भन्दा बढि २९.०३ प्रतिशत  बालबालिकाको सहभागिता भएको पाइयो ।
- अन्तर्राष्ट्रिय रूपमा हुने गरेको बसाइँसराइले मानिसको व्यक्तिगत र राष्ट्रिय अर्थतन्त्रलाई ठूलो टेवा मिलेको छ । नेपालमा रोजगारीका अवसरहरू कम भएका कारण नेपालीहरू आफ्नो सिप तथा क्षमताका आधारमा विश्वका विभिन्न देशहरूमा आर्थिक उपार्जन वा रोजगारीका लागि जाने आउने कार्य भइरहेको छ । यस कारण उनीहरूको व्यक्तिगत तथा पारिवारिक आर्थिक अवस्थामा परिवर्तन आएको र रेमिट्यान्सको कारण राष्ट्रिय आम्दानीमा वृद्धि भएको छ ।
- बाह्य बसाइँसराइले देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याउको छ । देशको कुल गार्हस्थ उत्पादनमा वैदेशिक श्रम वा रोजगारीले महत्वपूर्ण योगदान दिएको छ । यसरी हेर्दा बसाइँसराइले अर्थतन्त्रमा विशेष प्रभाव पारेको पाइयो ।

## ६.२ निष्कर्ष

मानव इतिहासको सुरुमा बसाइँसराइ खानाको खोजी गर्न र सुरक्षाको लागि नयाँ ठाउँमा जाने प्रचलनबाट भएको थियो । बसाइँसराइ मानव जीवनको आरम्भदेखि भएको र अहिलेसम्म चलेको छ । आहराको खोजी, बासको लागि र जनावरबाट बच्नका लागि बसाइँसराइ गर्न मानव विवश थिए । त्यसैले मानव इतिहास बसाइँसराइको इतिहाससँग सम्बन्धित छ ।

ढोरपाटन नगरपालिका १ फाँट बजारमा मानिसहरु बसाइँसराइ गरी आउनुको कारण आफ्नो बालबालिकालाई गुणस्तरीय शिक्षा यातायातको बाह्रमहिना सहजताको लागि सबै भन्दा बढि घरधुरीको बसाइँसराइ गर्ने गर्दछन् । ग्रामीण भेगको केन्द्र भएकोले व्यापार व्यवसाय तथा रोजगारमा सहजता, आफ्नो नातेदार आफन्त तथा जन्मस्थलबाट नजिकको दुरीमा बसाइँसराइले धार्मिक तथा साँस्कृतिक क्रियाकलापमा र अन्य दुख सुखमा पारस्परिक

सहयोग र सदभाव हुने भएका कारण बसाइँसराइ बढेको छ । यस क्षेत्रका मानिसहरु आफ्नो हैसियत, सामाजिक, मानमर्यादा, प्रतिस्पर्धाको कारणले बसाइँसराइमा जोड दिने गरेका छन । मुख्य रुपमा शिक्षा, स्वास्थ्य, यातयात लगायतको सेवा सुबिधाको खोजीमा बसाइँसराइ हुने गरेको छ । ग्रामीण सहरको रुपमा स्थापित यस सहरमा निसीखोला, भुजीखोला, तमानखोला, बढिगाडबाट बसाइँसरी आएको पाइन्छ । विभिन्न जात जातिको बसोबास रहेको यो ठाउँमा बसाइँसरी आएकामा ब्राम्हण जातिको सबै भन्दा बढि २५ प्रतिशत रहेको छ । घरमुलिको मुख्य पेशा ५१ प्रतिशतले व्यापार व्यवसाय गरेको पाइन्छ । सामान्य दैनिक उपभोग्य बस्तुको खरिद बिक्रीदेखि लिएर सम्पूर्ण सामानको होलसेल तथा खुद्रा समानको लेनदेनको केन्द्र पनि भएको कारण मानिसको आवत जावत बढि हुने हुँदा र ग्रामीण भेगको मानिसहरु विभिन्न सेवा सुबिधाको उपभोगगर्न पैसा तिरेर आफ्नो आवस्यकाता परिपुर्तिमा सहजता  हुने भएकोले पनि यस ठाउँमा आउने क्रम बढदो छ जसले गर्दा जग्गाको मूल्य पनि महङ्गीन पुगेको छ ।




**चित्र नं. ६.१ : बसाइँसराईका कारक तत्वहरु**

बसाइँसराइको प्रभावले सक्रिय जनसख्याको वृद्धि स्रोतसाधनको अधिकतम परिचालनले सकारात्मक प्रतिस्पर्धामा वद्धि भइ विभिन्न क्रियाकलाबको गुणस्तरीयतामा वृद्धिका साथै विभिन्ताको वसाइँ हुँदा सामाजिक विभेदको पनि अन्त्य भएको पाइन्छ । स्थायीरुपमा बसाइँसराइ गरी आएका मानिसहरुका बालबालिकाको शिक्षामा अतिरिक्त क्रियाकलाप खेलकुद लगायतका क्षेत्रमा  सकारात्मक प्रभाव  तथा सुधार भएको पाइन्छ । सामाजिक अन्तरक्रिया, धार्मिक सहभागीतामा आधुनिकताको प्रभाव बढेको छ । सामाजिक क्रियाकलापमा पनि सकारात्मक  प्रभाव परेको पाइन्छ । लवाइ खुवाइ दैनिक जीवनयापन

पद्धति सरसफाइमा लगायतको पक्षमा पनि सकारात्मक सुधार आएको पाइन्छ । जेष्ठ नागरिकमा पनि आफ्ने स्वास्थ्य उपचार, सामाजिक प्रतिष्ठाको कारण सकारात्मक प्रभाव परेको छ । अन्तरजातिय विवाह प्रतिको धारणमा पनि सकारात्मक रहेको छ । आर्थिक क्रियाकलापमा बैक तथा सहकारी मार्फत कारोबार गर्ने ऋण लिने प्रचलन बढेको छ । आम्दानीको स्रोतमा थप आम्दानीमा सुधार भएको पाइन्छ । खर्चमा सबै भन्दा बढिको शिक्षामा खर्च भएको देखिन्छ । जनसाङ्ख्यिकी प्रभावले जनसख्याको असमान वितरण निश्चित ठाँउमा अधिक चाप तथा शान्ति सुरक्षमा खलबल, अस्तव्यस्त प्रतिस्पर्धाले मनोबैज्ञानिक वितृष्णता अव्यवस्थित मूल्य बृद्धि, महामारी रोगहरुवाट ग्रसितसाथै सामाजिक तथा सांस्कृतिक सहिष्णुतामा अवरोध भएको पाइन्छ । वातावरण परिवर्तत  तथा स्वच्छ खोलानालाको प्रदुषणले प्राकृतिक सम्पदाको सुन्दरता घटेकोले सार्बजनिक पानी धारा खेलमैदानको मात्रा कम भएको पाइन्छ ।

स्थिर सङ्गठनात्मक संरचनाको अभाव हुनु, विस्तृत एवं खण्डीकृत तथ्यांकसहितको व्यवस्थापन सूचना प्रणाली स्थापना हुन नसक्नु, जनसांख्यिक लाभांशको रूपमा रहेको उत्पादनशील जनशक्तिको आन्तरिक बसाइँसराइ र बाह्य आप्रवासनले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनमा नकारात्मक प्रभाव पर्नु, विकासको असन्तुलित वितरण तथा जलवायु परिवर्तन, प्राकृतिक प्रकोपजस्ता कारणले मानिसको स्वस्फुर्त बसाइँसराइ प्रभावित भई जनसंख्याको वितरणमा प्रतिकूल प्रभाव पर्नु, तीव्र रूपमा बढ्दै गएको सहरीकरणलाई व्यवस्थित गर्न नसकिनु, जनसंख्या व्यवस्थापन, बसाइँसराइ, आप्रवासन र विकासबीच समन्वयात्मक रूपमा कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु जस्ता समस्या यस क्षेत्रमा रहेका छन । अन्तरीक रूपमा हुने गरेको बसाइँसराइले मानिसको व्यक्तिगत र राष्ट्रिय अर्थतन्त्रलाई ठूलो टेवा मिलेको छ । शहरमा आम्दानीमूलक कार्यहरू बढी हुनुका साथै रोजगारीका अवसरहरू धेरै हुने हुनाले आर्थिक समुन्नतिका लागि मानिसले स्थायी वा अस्थायी बसोवास गर्ने गरी बसाइँसराइ गरेको पाइन्छ । ढोरपाटन नगरपालिका फाँट बजारमा शिक्षा स्वास्थ्य यातायात तथा रोजगारी  अवसरहरू भएका कारण मानिसहरु आफ्नो सिप तथा क्षमताका आधारमा  विभिन्न आर्थिक उपार्जन र अन्य सेवा सुविधाको उपभोगको लागि जाने आउने कार्य भइरहेको छ । यस कारण उनीहरूको व्यक्तिगत तथा पारिवारिक आर्थिक अवस्थामा परिवर्तन आएको र रेमिट्यान्सको कारण राष्ट्रिय आम्दानीमा वृद्धि भएको छ ।

## ६.३ सुझाव

बाह्य तथा आन्तरिक बसाइँसराइ उच्च रहेको कारण जनसंख्याको वितरणमा असमानता बढ्दै गएकोले जनसंख्या बृद्धिलाइ निश्चित सिमाभित्र राखी देशको जनसंख्यालाइ आबस्यक पर्ने शिक्षा स्वास्थ्य रोजगारीको समुचित ब्यवस्था मिलाउनको साथै यसबाट आर्थिक उत्पादन र वितरणमा प्रत्यक्ष प्रभाव पर्न नदिन जनसङ्ख्या तथा बसाइँसराइलाई अन्तरसम्बन्धित विषयको रूपमा व्यवस्थापन गर्नु अपरिहार्य छ।

# सन्दर्भ सामाग्रिसूची


बस्तुगत विवरण, (२०७६), *ढोरपाटन नगरपालिका २०७६,* ढोरपाटन नगरपालिका ।

जिल्लाको बस्तुगत विवरण (२०७४), *जिल्ला बस्तुगत विवरण २०७४,* बागलुङ जिल्ला तथ्याङ्क कार्यालय ।

दाहाल, गणेश (२०६६), *वैदेशिक रोजगारका विविध पक्षहरु,* प्याराडाइज इन्टरनेशनल प्रा.लि. ।

राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल (२०६६/०६७), *जिल्ला तथा गाविसस्तरीय नक्साहरु,* अक्सफाम नेपाल र राष्ट्रिय श्रम प्रतिष्ठान ।

ज्ञवाली, डिल्लीराज (२०५७), *युवा वेरोजगार र यसको प्रभावः एक अध्ययन,* अप्रकाशित शोधपत्र, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग, काठमाण्डौ ।

Adhikari, J. H. (2015). Migrations, from Khotang district to the Gulf and Malisiys. *Himalaya 35 (1) 11-23*

Alum, M.Z, & Mamun, A.A. (2022). Dynamics of internal migration in Bangladesh: Trends, Patterns, Determinants, and causes. PLOS. One 17 (2): eo263878. Doi: 10.137I/ journal. Pore. 0263878. https://journals.plos.org 6 8

Arjaan, D. H. (1999). Livelihoods and poverty: The role of migration- A critical review of the Migration Literature. https://doi.org/10.1080/0020389908422619

Bhende, A. & Karmitkar, T. (1998). *Principles of population studies.* Himalaya Publishing House

Bista, K.B., (1975). *Migration in Nepal: A Study of Far Western Development Region.* Centre for Economic Development and Administration (CEDA).

Bohara P. & Meshi, D. (1996). *Process of internal and international migrations from chitwen,* Nepal. HHS Public Access.

Bohra, P. (2009). *Process of internal and international migration from Chitwan,* Nepal. Douglas S. Massey.

Carlos, C. (2002). *Ramos,* salva doran Flaso Lsalvador.

Christopher, M.D. & Anjaan, D. H. (1997). *Migration and sustainable Livelihoods: A critical review of the literature*. IDS working paper 65.

CBS. (2011), *Nepal Living Standard Survey 2010/11: Statistical Report,* Volume Two. Central Bureau of Statistics, National Planning Commission, Government of Nepal.

Dahal, D. R. (2011). "The Art of Survival; Policy Choices for Nepal". *Dhaulagiri Journal of Sociology and Anthropology, 5, 31-48.*

David, H.P. (1970). *In Voluntary International Migration: Adaptation of Retugeers in Bordy* (ed), Behaviour is new environment, Adoptation of Magrants Populations. Bevetly Hills, Californica, Sage Publication

DEPROSC, Livelihoods and migration in Nepal. https://deprosc.org.np

Gautam, T. R. (1999). *Labour Migration to India: A case of emigration Kandebash VDC, Baglung* (Dissertation of Master). Sociology/Anthropology, T.U.

Ghimire, H. (1997). *In migrations in chitwan. A case study of Panchakanya V.D.C.,* (Master Dissertation). Central Department of Sociology / Anthropology T.U.

Golini, A., Bonifazi, C. & Righi, A. (1993). *A general framework for the European migration system in the 1990s*, in: R. King (Ed.) *The New Geography of European Migrations*, pp. 67-82. Belhave.

Gurung, S.B. (1973). *Causes and impact of migration: Preliminary survey in Surkhet region.* Centre for Economic Development and Administration (CEDA).

Ian Scoones, (1998). Sustainable Rural Livelihood and Framework for Analysis (IDS working paper). https://ids.ac.uk

ILO (2003). *The Asia pacific decent work decade*. Inrernational Labour Organizations.

Jytte Agergarrd and Ditte Broegge, (2015). Returning Home: Migrant connections and visions for Local Development in Rural Nepal. https://doi.org/10.1080/00167223.2015.1118706

Kanskar, B.V.S. (1984). *Indo-Nepal Migration: Process and Prospects.* CNAS.

K.C (1998). Dr. Bal Kunwar Internal migration in Nepal. https://docs.censusnepal.cbs.gov.np

KC. S. (2020). *Internal migration in Nepal. (eds) Internal Migration in the countries of Asia.* Springer, Cham. https://doi.org/10.1007/978-3-030-44010-7_13

Khadka, K.R. (1977). *An Analysis of the factors for migration in Chitwan District* (Master Thesis). University of Phillipines.

Khan, I. A., S. Mahmood, G. Yasin & B. Shahbaz (2010). "Impact of international migration on social protection of migrants' families left behind in agrarian communities of district Toba Tek Signh, Punjab, Pakistan". *Pak. J. Agri. Sci., Vol. 47(4), 425-428*

Kristina, P. (2021). *Natural Hazards, Internal Migration and Protest in Bangladesh.* Htt ps://journal s.sagepub.com

Kunwar, L. S. (2015). Emegration of Nepalies People and its Impact. *Economic Journel of development issues vo,19,20.*

Migration Report (2020). *Nepal labor migration report.* https://moless.gov.np.

Paudel, N. P. (2017). *Social status and livelihood strategies in rural area: A case study of Sinurjoda VDC, Dhanusha.* https://www.scholar.google.com

Paul, C. (2015). *Redefining Nepal: Internal migration in a post-conflict, post-disaster., 2015).* https://www.migrationpolicy.org

Poudel, K. (2009). "Population and Resources Linkages in Nepal". *Himalayan Review, 37,* 53-69. https://www.nepjol.info/index.php/HR/article/view/2032

Ravenstein, Ernst (1889). "The laws of migration". *Journal of the Royal Statistical Society.* London 48,2: 167-235 [doi: 10.2307/2979181].

Rigg, J., Salamanca, A. & Thompson, E.C. (2016). "The puzzle of East and Southeast Asia's persistent smallholder". *Journal of Rural Studies* (43):118–133.

Sapkota, C. (2013). "Remittances in Nepal: Boon or bane?". *Journal of Development Studies*. 49(10):1316–1331.

S. I. R. & R.B. Bhagat (Feb, 2021). *Internal migration in India: Integrating Migration with development and urbanization Policies.* https://www.knomad.org

Sajapati B. & Limbu. A. (2017). *Governing Labour Migration in Nepal.* Himalaya Book Pvt Ltd.

Sapkota, K. (2018). "Seasonal labour migration and livelihood in the middle Hill of Nepal: Reflections from Agrakhanchi District". *Research Journal of Development studies.* 1(1), 42-57. https://doi.org/10.3126/rjnds.v1i1.21273

Srivastava, R.S. (2003). *An overview of migration in India, its impacts and key issues.* An overview of migration in India, its impacts and key issues.

Subedi, B.P. (1991). *International Migration in Nepal: Towards an Analytical Framework.* CNAS, Tribhuvan University.

Tamang, G. B. (1998). *Migration to Urban area. A case study of Butwal Municipality.* Rupandehi (M.A. Dissertation), Central Department of Geography, T.U.

Ulka, A. (1988). *A study of composition and in migrations in Pokhara town Panchayat.* An Un Published Master Disseration. T.U. Kathmandu.

World Economic Forum. (2017). *Migration and Its Impact on Cities.* Retrieved from https://www.weforum.org/reports/migration-and-its-impact-on-cities.

**बसाइँसराइले पारेका सामाजिक, आर्थिक प्रभावको**

**ढोरपाटन सामुदायमा सामाजशास्त्रीय अध्ययन**

घरधुरी सर्वेक्षण प्रश्नावली सूची

१ घरमुलिको नामं.......................... जाति......... बसाइँसरी आउँदाको उमेरं.......

३ हालको उमेर.......... लिङ्ग.......... धर्म.............

४.औपचारिक शिक्षा.......

५ जम्मा परिवार संङख्या.......

६ परिवारका सदस्यको नाम.............. ......... उमेर.......... शिक्षा.......... पेशा............

७ परिवारका सदस्यको नाम.............. ......... उमेर.......... शिक्षा.......... पेशा............

८ परिवारका सदस्यको नाम.............. ........ उमेर.......... शिक्षा.......... पेशा............

९ परिवारका सदस्यको नाम.............. ........ उमेर.......... शिक्षा.......... पेशा............

९ परिवारका सदस्यको नाम.............. ........ उमेर.......... शिक्षा.......... पेशा............

**खण्ड ख : मुख्य बिवरण**

१) बसाइँसरी आउनुको मुख्य कारण के होला ?

क) सेवा सुविधा ख) व्यापार ग) रोजगार घ) अन्य....

२) कुन गाउँबाट आउनु भयो ?

क) तमानखोला ख) निसीखोला ग)बढिगाड घ) ढों. न.पा. ङ) अन्य

३) बसाइँसरी आउनु भन्दा पहिले परिवारको मुख्य आम्दानीको श्रोत के थियो ?

क) वैदेशिक रोजगार ख) जागिर ग) व्यापार घ) अन्य

४) हालको परिवारको मुख्य आम्दानीको श्रो के होला ?

क) वैदेशिक रोजगार ख) व्यापार ग) जागिर घ) अन्य

५)बसाइसपछि धार्मिक तथा साँस्कृतिक सहभागिता कस्तो छ?

क) घटेको ख) उस्तै ग) बढेको

६)छिमेकी सगको सम्बन्ध कस्तो छ?

क) ठीकै ख) धेरै राम्रो ग) नराम्रो

७)कामदारको ज्याला कति थियो?

८)बच्चाको हेरचाह कसले गर्नु हुन्छ?

क) आफै ख) दाइ दिदी ग) हजुर आमा घ) अन्य

९)स्थानिय बासिन्दासँग घुलमिल हुन भासा तथा सस्कारमा कस्तो खालको चुनैति आए?

क) समस्या भएन ख) कमजोर महसुस ग) अरुले जिस्काने घ) अन्य

१०)तपाइको परिवारमा समस्या पर्दा ऋण कहाँबाट लिनु हुन्छ ?

क) आफन्त ख) छिमेकी ग) बैक तथा सहकारी घ) अन्य...

११)तपाइको परिवारमा बच्चाको गृहकार्य गर्न कसले सघाउनु हुन्छ?

क) दाइदिदी ख) पढाउने मास्तर राखेको ग)आफै घ) अन्य

१२) तपाइको बच्चा अतिरिक्त कृयाकलापमा/वा खेलकुदमा सहभागिता छन ?

क) कराते ख) नाच ग) संगित घ) अन्य

१३)तपाइको परिवारमा सवारी साधन चलाउनु हुन्छ?

क) बाइक स्कुटर ख) साइकल ग) गाडि घ) अन्य

१४)तपाइको छोरा छोरी ले फरक जात/जातिसँग विवाह गरेको स्वीर्कानु हुन्छ ?

क ) स्विकार्य हुदैन ख) स्विकार छ

१५)तपाइको परिवारको जेष्ठ नागरिकले कस्तो महसुस गर्नु भएको छ ?

क) खुसी ख) स्वास्थ्य उपचारमा सहज

ग) वातावरण प्रदुषनको कारण असहस घ) अन्य

१६) तपाइको परिवारको खर्च हुने मुख्य ठांउ कुन हो?

क) बिद्यालय ख) स्वास्थ्य ग) खाधान्न घ) कपडा

१७) तपाइको घर को कोठा भाडामा दिनुएको छ?

क) छ ख) छैन

१८) तपाइको बच्चालाई घरदेखि बिद्यालय जान कति समय लाग्थ्यो?

क) ३० मिनेत ख) १ घण्टा ग) १० मिनेट

१९) हाल तपाइको बच्चा सवारी साधनमा जान्छन कि पैदल?

क) सवारी साधनमा    ख) पैदल

२०) खाना पकाउन पहिले के प्रयोग गर्नु हुन्थ्यो ?

क) दाउरा    ख) ग्यास

२१) पहिले  स्वास्थ्य उपचार कहाँ गराउनु हुन्थ्यो ?

क ) सरकारी स्वास्थ्य केन्द्र ख) प्राइंभट मेडिकल    ग) झाक्री

२२) हाल स्वास्थ्य उपचार कहाँ गराउनु हुन्छ?

क) सरकारी    ख) प्राइबेत    ग) दुबै

२३) खानामा प्राय : के खानु हुन्थ्यो ?

क) आटो ढिडो तरकारी    ख) दाल भात तरकारी माछा मासु

२४) हाल खानाको रुपमा  प्राय के प्रयोग गर्नु हुन्छ?

क) रोटी तरकारी    ख) दाल भात माछा मासु

२५)कपडा कहिले किन्नु हुन्थ्यो ?

क) चाड पर्वमा    ख) मौसम अनुसार    ग)  १बर्ष मा

२६)हाल कपडा किन्ने प्रचलन कस्तो छ ?

क) समय अनुसार    ख)फेसन अनुसार    ग) चाड पर्व

२७) घरमा कति जना वैदेशिक रोजगारमा हुनु हुन्छ?

क) छैनन    ख) १जना छन    ग) २ जना वा बढि

२८) पूरुष हरुको अनुपस्थितिले घरको जिम्मेबार बढेको हो?

क) हो    ख) होइन    ग) उस्तै हो

२८)तपाईको परिवारमा छोरा र छोरीलाई  समान व्यवहार गर्नु हुन्छ ?

क) समान    ख) छोरीको धेरै ख्याल गर्नू पर्छ ग) छोराको धेरै ख्याल गर्नु

२९) सार्वजनिक अन्तरक्रियामा सहभागी कस्तो छ?

क)सक्रिय    ख) ठिकै    ग)छैन पहिले जस्तै हो

३०) तपाइको गाउँको जग्गाको अवस्था  के छ?

क)बेचेको    ख) अरुले कमाउँछन    ग) आफै

३१) यहाँ आएको कति बर्ष भयो  ?

क) २० बर्ष    ख) १० बर्ष    ग) ५ बर्ष

३२) तपाइको परिवार कुन देशमा जानु भएको छ ?

क) अरब ख) युरोप ग) भारत घ) जापान ङ) मलेशिया

३३) बसाइँसराइ पछिको आम्दानी कस्तो छ ?

क) मध्यम ख) राम्रो ग) कम घ) सामान्य

३४) मुख्य आम्दानीको स्रोत के थियो?

क) कृषि ख) जागिर ग) व्यापार घ)अन्य

३५) हाल मुख्य आम्दानीको स्रोत के होला?

क) वैदेशिक रोजगार ख)ज्याला मजदुरी ग)नोकरी घ) जागिर

३६) पहिले बैकल्पिक आर्थिक आयस्रोत के थियो होला?

क)पशु पंक्षि ख) कृषि ग) सिप घ) अन्य

३७) हाल बैकल्पिक आम्दानीको स्रोत के छ ?

क) छैन ख) मौसमी ग) व्यापार घ) अन्य

३८) तपाइ यो ठाउँमा सन्तुष्ट हुनु हुन्छ ?

क) अलिअलि ख) पूर्ण सन्तुष्टी ग) पूर्ण असन्तुष्टी

३९) तपाइ यो ठाउँमा के कारणले खुसि हुनुहुन्छ ?

क) शिक्षा तथा स्वास्थ्यको राम्रो पहुँच

ख) आर्थिक सहजता ग) रोजगारीको अवसर

४० तपाइ यो ठाउँमा के कारणले दुखि हुनुहुन्छ ?

क) प्राकृतिक जोखिम ख) स्वास्थ्य तथा शिक्षामा कमजोरी

ग) वातावरण प्रदुषण

४१) के तपाइलाई आफनो जन्म घर फर्किन मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

४२) यहाँबाट फेरि अन्य बसाइँ सरियो भने कुन ठाउँ जानुहुन्छ ?

क) पोखरा ख) काठमाडौ ग) बुटवल घ) चितवन

४३) बसाइँसराइको बारेमा तपाइको साथी वा आफन्तलाई के सुझाव दिन चाहनुहुन्छ ?